म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९८ मंगलबार १६ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 28 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

☞ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
☞ उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
☞ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बागमती‌मा एमालेको समर्थन यथावत

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ केन्द्रीय सरकारलाई दिएको समर्थन फितासँगै सरकारबाट बाहिरिएको एमालेले बागमती प्रदेशमा भने समर्थन कायम राखेको छ ।

एमाले केन्द्रीय सचिवालय बैठकले सोमबार सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको थियो । तर, बागमतीमा भने एमालेले नेकपा माओवादी केन्द्र नेतृत्व सरकारलाई दिएको समर्थन तत्काल फिर्ता नलिने भएको छ । राष्ट्रपति निर्वाचनका लागि माओवादी केन्द्रले सरकारबाहिर रहेका दलहरुसँग गठबन्धन गरेपछि सरकारमा रहेको एमाले बिच्किएको थियो । यसअघि राष्ट्रपति निर्वाचनसम्म समर्थन कायम राख्ने घोषणा गरेको एमालेले सोमबार समर्थन फिर्ता लिने निर्णय गरेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार परराष्ट्रमन्त्री विमला राई पौड्यालको विदेश भ्रमण एक्कासी रोकेपछि एमाले असन्तुष्ट बनेको थियो ।




देशका ७ प्रदेशमध्ये गण्डकीलगायका तीन वटा प्रदेश सरकारमा एमालेले नेतृत्व गरेको छ भने बाँकी प्रदेशमा समर्थन गरेको थियो । बागमती प्रदेशमा एमालेले माओवादी केन्द्र नेतृत्वको सरकारलाई समर्थन गरेको थियो । मुख्यमन्त्रीमा दाबी गरेपनि भागबण्डामा माओवादी केन्द्रका शालिकराम जम्मकट्टेल मुख्यमन्त्री बनेका थिए । २५ पुसमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाबीचको सरकार गठन भएको थियो । भागबण्डाअनुसार प्रदेश सरकारको नेतृत्व माओवादी केन्द्रले, सभामुख राप्रपा र उपसभामुख एमालेले पाउँदा माओवादीले मुख्यमन्त्रीसहित चार मन्त्रालय लिएको थियो । एमालेले ४ मन्त्रालय लिँदा राप्रपाले ३ वटा लिएको थियो ।

बागमतीमा राप्रपाले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ । मुख्यमन्त्री जम्मकट्टेललाई राप्रपाका तीन मन्त्रीहरुले यसअघि नै राजिनामा दिइसकेका छन् । सरकारमा सहभागी भएको एमालेले भने तत्काल राजिनामा नदिने भएको प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले बताए । उनले बागमतीमा सरकारलाई दिएको समर्थन तत्काल कायम राख्ने बताए । 'हामीले सरकारलाई दिएको समर्थन कायम राखेका छौं । अर्को निर्णय नभएसम्म सरकारमै रहन्छौं,' श्रेष्ठले भने । उनले प्रदेशलाई दिएको समर्थन फिर्ता लिने वा नलिने भन्ने विषयमा प्रदेश संसदीय दलको बैठक नबसेको बताए ।

बागमतीमा एमालेबाट बागमती प्रदेश संसदीय दलको नेता जगन्नाथ थपलिया आर्थिक मामिला तथा योजना मन्त्री, केशवप्रसाद पोखरेल कृषि तथा पशुपन्छी विकास मन्त्री, रामेश्वर श्रेष्ठ स्वास्थ्य मन्त्री र एकालाल श्रेष्ठ श्रम, रोजगार तथा यातायात मन्त्री भएका थिए । 'बीचमा कुनै निर्णय नभएसम्म सरकारलाई दिएको समर्थन फिर्ता हुँदैन् । सरकारमा मुख्यमन्त्रीबाट राम्रो व्यवहार भएको छ, नराम्रो भएजस्तो लाग्दैन्,' मन्त्री श्रेष्ठले भने ।

केन्द्रीय सत्ता समिकरणमा फेरबदल आएसँगै देशका सात वटै प्रदेशमा पनि सरकार तलमाथि हुने निश्चित छ । बागमती प्रदेशमा पनि नयाँ सत्ता समिकरण बन्दा मन्त्रिमण्डल फेरबदल हुनेछ । बागमतीमा राष्ट्रपति निर्वाचनसम्म नयाँ सत्ता समिकरणमा चमत्कारिक फेरबदल नआए नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीको सरकार गठन हुने लगभग पक्का छ । बागमतीमा राप्रपाका तीन मन्त्रीहरुले शनिवार नै राजिनामा दिइसकेकाले मुख्यमन्त्री जम्मकट्टेलको सरकार अल्पमतमा छ । बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा एमालेको २७, माओवादीको २१ र राप्रपाको १३ सांसद छन् । यी ३ दलको मत जोड्दा ६१ हुन्छ । जुन सरकार गठनको लागि बहुमत थियो । १ सय १० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ५६ मत आवश्यक पर्छ ।

प्रदेशसभामा नेपाली कांग्रेससँग ३७, समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । बागमतीमा कांग्रेस र माओवादी मिल्दा मात्रै पनि सरकार गठनमा बहुमत पुग्छ । एकीकृत समाजवादीको मत थप हुन आउने छ । नयाँ सत्ता समीकरणमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी एक भएसँगै मुख्यमन्त्री जम्मकट्टेल सरकारमा सुरक्षित छन् । उनलाई कांग्रेस र एकीकृत समाजवादीले यसअघि नै विश्वासको मत दिइसकेकाले जम्मकट्टेल सुरक्षित छन् । उनले प्रदेशसभाबाट पुन: विश्वासको मत लिनुपर्ने अवस्थामा पनि बहुमत पुग्ने अंक गणित छ । जम्मकट्टेललाई ३ माघमा प्रदेशसभा बैठकमा उपस्थितमध्ये १ सय ५ सांसदले विश्वासको मत दिएका थिए । वर्तमान सरकारमा नरहेका तर समर्थन गरेका नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी तथा प्रतिपक्षमा रहेको कांग्रेसले पनि मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिएको हो ।

नयाँ गठबन्धनमा भागबण्डा टुंगिनसकेकाले बागमतीमा मुख्यमन्त्री जम्मकट्टेल नै रहन्छन वा रहँदैनन् भन्ने यकिन छैन । नयाँ आठ दलीय गठबन्धनको एक घटक नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सोमबार पुन: भागबण्डा लाग्ने बताएका थिए । गठबन्धनको भागबण्डाअनुसार जम्मकट्टेल नै मुख्यमन्त्री रहने अवस्थामा एमाले र राप्रपाले लिएको मन्त्रालयमा कांग्रेस र एकीकृत समाजवादीको दाबी रहने देखिन्छ ।



**डाँडामा ५२ फिटको कृष्ण मुर्ति** : बागमती प्रदेशको राजधानी हेटौंडाको १७ नम्बर वडास्थित जुरेथुममा भगवान श्रीकृष्णको ५२ फुट अग्लो मुर्ति निर्माण सम्पन्न भएपछि देखिएको दृश्य । मूर्ति २०६७ सालबाट स्थानीय जुरेथुम पर्यटन समितिले बनाउन सुरु गरेको थियो । कृष्णको मुर्ति बनाउने भनेर विगतमै स्थानीयले सप्ताह लगाएका थिए । निजगढ नगरपालिका-६, स्थित घर भएका मुर्तिकार रामप्रसाद तिमल्सिनाले लामो समयमो मिहेनतपछि हालसम्मकै सबैभन्दा ठूलो कृष्ण मुर्ति बनाएको दाबी गरेका छन् । उनले बच्चादेखि नै माटोबाट मुर्ति बनाउँदै आएको सुनाए । शिव, हनुमानको भन्दा कृष्णको मुर्ति बनाउन समय लाग्ने तिमल्सिनाले सुनाए ।

# आपूर्ति निर्देशकविरुद्ध अख्तियारमा उजुरी

साझाकुरा संवाददाता





हेटौंडा, १५ फागुन/ बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. अर्जुन सापकोटाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धानमा उजुरी परेको छ ।

सापकोटाविरुद्ध भ्रष्टाचार गरेको आरोपमा उजुरी परेको हो । सापकोटाले २५ करोड रुपैयाँ भन्दा बढी रकम भ्रष्टाचार गरेको आरोप लगाएर अख्तियार केन्द्रीय कार्यालय टंगालमा उजुरी परेको हो । सापकोटाले विकास सर्जिकलबाट लिक्विड वास्टमा ४ करोड रुपैयाँ दुरुपयोग गरेको आरोप लगाइएको छ । यस्तै, हेमोडायलासिस मेसिन खरिदमा ३ करोड, सञ्जीवनी सप्लायर्ससँग युएसजी खरिदमा २ करोड, वेब ट्रेडिङ सप्लायर्सबाट वास्ट मेसिन खरिदमा २ करोड रुपैयाँ दुरुपयोग गरेको स्वास्थ्य व्यवसायीको आरोप छ ।

सापकोटाले औषधि व्यवसायी मकुन्द गौतमको विभिन्न कम्पनीबाट औषधिजन्य खरिदमा मिलोमतो गरेर ५ करोड दुरुपयोग गर्नुका साथै आयुर्वेद औषधीमा ४० लाख र छपाई, स्टेशनरी सामान खरिदमै ८० लाख रुपैयाँ दुरुपयोग गरेको व्यवसायीले अख्तियारमा गरेको उजुरीमा उल्लेख छ । सापकोटाले सिटी स्क्यानमा २ करोड, निजी अस्पताल स्तरउन्नतीका नाममा ३ करोड रकम दुरुपयोग गरेको बताइएको छ । एम्बुलेन्स तथ पिकअप गाडी खरिदमा पनि १ करोड दुरुपयोग गर्दै २५ करोड रुपैयाँ हिनामिना गरेको अखितयारमा परेको उजुरीमा उल्लेख छ ।

यसका साथै, सापकोटाले पत्नी र छोराका लागि प्रदेश ३-०१-२२ च ५४९६ र ८६०७ नम्बरको गाडी प्रयोग गरेको आरोप लगाइएको छ । आपूर्ति व्यवस्थापनमा कमाएको रकमले नै रोजभिल्लामा ५ करोड रुपैयाँ बराबरको घर लिएको तथा भ्रष्टाचार बढी गरेर कमाएको रकम सनराइज र राष्ट्रिय वाणिज्य बैंकमा बचत गरेको बताइएको छ ।

# हेटौंडामा दुई वटा बालविवाह रोकियो

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ बालमैत्री शासन कार्यान्वयनको चरणमा रहेको हेटौंडा उपमहानगर पालिकामा दुई वडामा बालविवाह रोकिएको छ ।

२०८० मंसिर सम्म बालमैत्री नगर घोषणाका लागि उपमहनगरले नियुक्त गरेको वडा सहजकर्ता तथा सम्पर्क व्यक्तिको सक्रियतामा हेटौंडा उपमहानगरको १४ र १७ नम्बर वडामा बालविवाह रोकिएको हो । दुबै वडामा फागुन १० गते हुन लागेको बिवाह रोकिएको बताइएको छ । गाउँमा १८ बर्ष भन्दा मुनिका बालवालिकाको विवाहका लागि दुवै पक्ष तयारी अवस्थामा रहेको जानकारी पाएपछि कानुनी आधारमा विवाह गर्नका लागि नभिल्ने भनि जानकारी गराउँदै बालविवाह रोकिएको उपमहानगरका महिला तथा वालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले जानकारी दिइन् ।



नगरलाई बालमैत्री घोषणाको तयारीमा रहँदा महाशाखाबाटै वडा र विद्यालयहरुमा सचेतनाका कार्यक्रम सञ्चालनका क्रममा जाँदा बालबिवाह हुँदै गरेका जानकारी पाएपछि वडा सहजकर्ता र वडा कार्यालयले तोकेको सम्पर्क व्यक्तीलाई परिचालन गरेर बिवाह रोक्ने कार्य भएको उनले बताइन् । उनका अनुसार यस अघि हेटौंडा उपमहा नगरपालिका १९ मा वडाकार्यालय र जनप्रतिनिधिहरुको सक्रियतामा बालविवाह रोकिएको थियो । बालमैत्री उपमहानगर घोषणाको तयारीका क्रममा विभिन्न होटल तथा व्यवसायिक क्षेत्रमा प्रयोग भएका ७ जना बालबालिकालाई पुर्नःस्थापनाको काम गरेको महशाखाले जनाएको छ ।

अहिले यसै क्षेत्रका भन्दा पनि बाह्य जिल्लाबाट आएर हेटौंडाका विभिन्न होटल तथा अन्य क्षेत्रका कामगर्ने बालबालिकाहरु रहेको बताइएको छ । बाह्य जिल्लाबाट आएर काममा रहेका ३ जना बालबालिकालाई संस्थागत रुपमा पुर्नःस्थापनाको काम भएको र ती मध्ये एक जना हेटौंडामै परिवारबाट छुटाएर राखिएको महाशाखाले जनाएको छ । केहीलाई पारिवारिक रुपमा पुर्नःस्थापनाको काम गरिएको छ । पारिवारिक रुपमा बालबालिकाको ख्याल पुर्ण रुपमा नगर्ने, बाबु आमा अव्यवस्थित ढंगबाट सडकमा नै रहने गरेकाले बच्चाको स्वास्थ्य अवस्था र लालनपालनलाई ख्याल गर्दै संस्थागत रुपमा पुर्नःस्थापनाको काम गरिएको हो ।

विभिन्न समस्यामा परेको बालबालिकाको पुर्नःस्थापना र व्यवस्थापनका लागि बालकोष स्थापना गरेका काम थालिएको महशाखाले जनाएको छ । सरकारले २०८७ सम्म राष्ट्रलाई पुर्ण बालमैत्री घोषणाको तयारी गरे अनुसार हेटौंडा उपमहानगरले १ नगर र १९ वडा सहजकर्ता तथा ३० तथ्याङ संकलक गरी ५० जनालाई नियुक्ती दिए २०८० मंसिरसम्म पालिकालाई बालमैत्री घोषणा गर्ने तयारी थालेको छ ।

यसअघि मकवानपुरका १० पालिकामध्ये मनहरी, बकैया र मकवानपुरगढी गाउँपालिका बालमैत्री पालिका घोषणा भइसकेका छन् । बालमैत्री पालिका घोषणाका लागि वडा तथा तथ्याङक संकलकले ५१ वटा सुचकमा आधारित भएर काम गर्ने बताइएको छ ।

# प्रगति माविमा चोरी

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ हेटौंडा उपमहानगरपालिका-९, स्थित प्रगति माध्यामिक विद्यालयमा चोरी भएको छ ।

विद्यालयको प्रशासनिक कोठामा चोरी गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पराजुलीले जानकारी दिए । पराजुलीका अनुसार चोरले विद्यालयको लेखा शाखा र स्टाफ रुम फोरेर तोडफोड समेत गरेको छ । विद्यालयमा रहेको सिसि टिभि क्यामेरा जाँच गर्दा १५/१६ बर्षका जस्तो देखिने दुईजना पुरुषहरु राति १ बजेर ५८ मिनेटमा विद्यालय प्रवेश गरि चोरी गरेको अध्यक्ष पराजुलीलले बताए । उनका अनुसार लेखा शाखामा रहेको करिब ५ हजार रुपैयाँ चोरी भएको छ ।

उनीहरुले विद्यालयमा रहेको ६ वटा दराज फोरेर तीनमा रहेको समान भने छरपस्ट पारेका छन् । प्रशासनिक कोठामा रहेका शिक्षकहरुले प्रयोग गर्ने ल्यापटप, प्राजेक्टर जस्ता सामान भने उनीहरुले नचलाएको अध्यक्ष पराजुलीले जानकारी दिए । इलाका प्रहरी कार्यलयबाट विद्यालयमा पुगेको प्रहरीले सिसि टिभी क्यामेराको फुटेज जाँच सुरु गरेको अध्यक्ष पराजुलीले बताए ।

**कर्मचारी आवश्यकता**

यस फर्मको लागि एक जना (पुरुष) कमचारी आवश्यक परेको हुँदा ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

**संख्या : १ (एक)** **योग्यता:** +२ उत्तिर्ण

सम्पर्क:

**बिशाल टायर सेन्टर**

हेटौंडा-४, मेनरोड सुमार्गी कम्प्लेक्स

**फोन: ९८४५८२९४११**

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# डढेलो नियन्त्रण ध्यान दिउ

मकवानपुरमा डढेलोका घटना अधिक हुने गरेका छन् । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिकासहित जिल्लाका ८ वटै गाउँपालिकामा वर्षेनी डढेलोका घटना हुने गरे हुन् । तर, डढेलो नियन्त्रण हुन सकेको देखिँदैन् । यसवर्ष पानी नपरेका कारण फागुनदेखि नै डढेलो धेरै हुने आंकलन गरिएको छ । डढेलो फागुनदेखि वैशाखसम्म अधिक मात्रामा हुने गरेको छ । विगतका वर्षहरुमा भएका डढेलोको घटनालाई नियाल्दा नियमनकारी निकायहरु डढेलो नियन्त्रणमा चुक्दै आएको पाइन्छ ।

वन क्षेत्रमा डढेलो लगाउनेको पहिचान नहुँदा कानुनी कारबाही हुन नसकेपछि यसलाई रोक्न नसकेको डिभिवन वन कार्यालय बताउँछ । डढेलो नियन्त्रणको अचुक उपाय समुदाय सचेत हुनुपर्ने वन अधिकारीहरु बताउँछन् । तर, डेढेलोका घटना समुदायभित्रबाटै सृजना हुने गरेको वन कार्यालयहरुको अनुसन्धानबाट खुलेका छन् । डढेलोको कारण यसअघि मकवानपुरगढीका खानेपानी तथा सिंचाइका पाईपमा ठुली क्षति हुन पुग्यो । अघिल्लो वर्ष हेटौंडाको १ नम्बर वडास्थित भैरवडाँडामा लागेको डढेलोका कारण पनि खानेपानीको पाइप जलेको थियो । जंगलमा डढेलो लगाउनु अघि सम्भावित क्षतिको मुल्यांकन नै नगर्दा हेटौंडा र मकवानपुरगढीमा आमनागरिक खानेपानीबाट बञ्चित हुन पुगेका थिए । गतवर्ष मकवानपुरगढीको सानोगढीबाट लगाइएको डढेलोले मकवानपुरगढी बृहत खानेपानीको १ सय ४० एमएमको करिब १ सय मिटर तथा ५० एमएमको करिब १ सय मिटर पाइप नष्ट गरेको थियो ।

डढेलो लगाउनेलाई कारबाही पनि कमै भएको पाइन्छ । यसकारण डढेलो लगाउने कार्य रोक्न जिल्ला वन कार्यालयले सकेको छैन् । अब डढेलोलाई संधै रोक्नुको विकप्ल पनि छैन् । घाँसपातको लोभले लगाइने डढेलोले धनजनको क्षति भएको आंकलन गर्न नसक्नु रोचक विषय छ । कतिपयको घर, गोठसँगै धनमाल र पशुचापायको पनि डढेलोले नष्ट बनाएको छ । गर्मी महिना सुरु भएकाले डढेलो लाग्ने सम्भावना बढी हुन्छ । हरेक वर्ष जाडो सकिएपछि गर्मी महिनामा डढेलो लाग्दै आएको हो । वर्षौदेखि कै नियती यो वर्षपनि नदोहोरिएला भन्न सकिन्न । जंगलमा लगाइएको आगो निभाउन सोचेजति सहज छैन्, आगो लागिसकेपछि रोक्ने भन्दा पनि डढेलो नलगाउन सुरुवातमै गाउँगाउँमा चेतनामूलक कार्य गर्नुपर्ने देखिन्छ । तीनै तहका सरकारले प्रयास गर्दा पनि डढेलो लगाउन कम नभएपछि स्थानीय स्तरमै डढेलो नियन्त्रणका प्रयास गर्नुपर्छ । डढेलोको असरबारे जनमानसमा पहिल्यै चेतना जगाउन सकिएको थियो भने विगतमा यस्ता घटना हुँदैन थियो । डढेलो स्थानीय बासिन्दाबाटै लाग्ने विगतका घटनाले देखाएकाले डढेलो रोक्न गाउँगाउँमै चेतना जगाउनुको विकल्प छैन् । डढेलोले प्राकृतिक सम्पदा क्षणभरमै नष्ट भई पानीका मुहान सुक्ने, भूक्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हन गई जलवायु परिवर्तनमा असर पुग्ने, लापरवाही र असावधानीका कारण घरगोठमा आगो लाग्न गई जनधनको ठूलो क्षति हुन सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १७ गते बुधबार १ मार्च २०२३ । नवमी फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ६:०३।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : महत्वपूर्ण भेटघाट हुनेछ | **तुला** | : नातागोतासँग भेटघाट हुनेछ |
| **वृष** | : उपहार हात लाग्नसक्नेछ | **वृश्चिक** | : रोकिएको कामहरु बन्नेछ |
| **मिथुन** | : मानसिक तनाव बढ्नेछ | **धनु** | : आनन्दको महसुस हुनेछ |
| **कर्कट** | : मनमा छट्पटि बढ्नेछ | **मकर** | : मन चञ्चल हुनेछ |
| **सिंह** | : शत्रु पराजय हुनेछ | **कुम्भ** | : मान-सम्मान बढ्नेछ |
| **कन्या** | : बुद्धि र पराक्रम बढ्नेछ | **मीन** | : धन लाभ हुनेछ |

# उद्विकास सिद्धान्तमा क्रान्तिकारी परिवर्तन



मोहन तिम्सिना

विज्ञान जगतमा 'विकास' र 'उद्विकास' चिर-परिचित शब्द हुन् । यी दुई शब्दले भिन्न अर्थ बोकेका छन् । जे सचेतनतापूर्वक गरिन्छ त्यो 'विकास' हो । जे स्वस्फूर्त वा आफसेआफ हुन्छ त्यो 'उद्विकास' हो । यो संसारमा सचेततापूर्वक कर्म गर्ने प्राणी केवल मानिस हो । त्यसकारण यसो भन्न सकिन्छ- मानिसले गर्ने कर्म 'विकास' हो, प्रकृतिमा घटित हुने परिघटना 'उद्विकास' । यो आलेख 'उद्विकास' मा केन्द्रित हुनेछ ।

उद्विकास भन्ने बित्तिकै आज हामी चार्ल्स डार्बिन (सन् १८०९-१८८२) को नाम सम्झन्छौं । तर विज्ञानमा आएको क्रान्तिले उद्विकासको 'डार्बिन सिद्धान्त' लाई भत्काइसकेको छ । जसका कारण प्रचलित सामाजिक/राजनीतिक विचारधारा (उदारवाद, साम्यवाद, समाजवाद, राष्ट्रवाद, कल्याणवाद) पनि भत्किएका छन् । यसको ठाउँमा फरक सिद्धान्त स्थापित भएका छन् । जसले फरक सामाजिक/राजनीतिक चिन्तनका लागि आधार तयार गरिदिएको छ । तर आजसम्म यो विषय विचारक र राजनीतिकर्मीहरूको प्राथमिकतामा परेको छैन । स्कुल र विश्वविद्यालयका पाठ्यक्रममा पनि यो विषयले महत्व पाएको छैन ।

### डार्बिन सिद्धान्त

डार्बिन भन्दा अगाडि पनि उद्विकासको अवधारणा थियो । जीन बप्टिस ल्यामार्क (सन् १७४४-१८२९) ले सन् १८०२ मा 'बायोलोजी' (जीवविज्ञान) शब्द पहिलोपल्ट प्रयोग गरेका थिए । उनका दुईवटा महत्वपूर्ण सिद्धान्त छन् । पहिलो, 'कार्यले अंग सृजना गर्दछ' र दोस्रो, 'वंशाणुले सन्तानको परिवर्तनमा भूमिका खेल्दछ' । ल्यामार्क्ले जिराफको घाँटी लामो हुनुको उदाहरण प्रस्तुत गरेर यो प्रक्रियालाई 'रूपान्तरण' भनेका थिए । यो सोचलाई 'सूक्ष्म वंशाणु ल्यामार्कवाद' भनिएको छ । उनका यिनै सिद्धान्तमा उद्विकासको अवधारणा अन्तरनिहित भएको मानिएको छ ।

डार्बिनको पुस्तक 'जातिहरूको उत्पत्ति' सन् १८५९ मा प्रकाशन भयो । उनका अनुसार हामी सबै प्राणी एउटै पूर्वजबाट आएका हौं । सजीव चिजहरू, रूखदेखि माछासम्म, स्तनधारीदेखि चराहरू, सबै एउटै पूर्वजबाट उत्पत्ति भए । सबै जीव र वनस्पति अन्तरसम्बन्धित सञ्जालमा आबद्ध छन् । वातावरण परिवर्तन सँगै जीवहरूले परिवर्तित वातावरणमा आफूलाई घुलमिल गराउन सक्नुपर्दछ । तर सबै जीवहरूले यो क्षमता राख्दैनन् । जसले यो क्षमता राख्छ उसको नयाँ पिंढीमा उल्लेख्य चारित्रिक परिवर्तन हुन्छ । प्राणी थप विकसित हुन्छ । यसैलाई 'प्राकृतिक छनोटका माध्यमबाट 'उद्विकास' भनिएको छ ।

### नव-डार्बिनवाद

डार्बिनको जुम्ल्याहा सिद्धान्त 'मौकापरक विविधता' (चान्स भेरिएसन) र 'प्राकृतिक छनोट' (नेचुरल सेलेक्सन) दुवै आधुनिक उद्विकासको सिद्धान्तका महत्वपूर्ण तत्व हुँदाहुँदै पनि नयाँ जीवले नयाँ गुण कसरी विकास गर्छ भन्ने चाहिं उनले बताउन सकेका थिएनन् । कसरी जीवले आफ्ना स्वभाव सन्तानमा हस्तान्तरण गर्दछ ? किन केही स्वभाव हस्तान्तरित हुन्छन् र केही हुँदैनन् ? दम्पतीका स्वभाव सन्तानमा आउँदा कसरी समायोजित हुन्छन् ? यस्ता स्वभाव आपसमा द्वन्द्वरत हुन्छन् कि समायोजित ? यी प्रश्नमा डार्बिन अनुत्तरित नै थिए ।

डार्बिनले आफ्ना समकालीनलाई अनुमान स्वरूप बताएका थिए- नयाँ जीवले पहिलो आधा गुण आफ्ना बाबुआमाबाट बराबरीको मिश्रणका रूपमा ग्रहण गर्दछ । बाँकी आधा बिल्कुलै नयाँ गुण लिएर जन्मन्छ । यसको अर्थ यो हो कि नयाँ जीवले आफ्नो बाबुआमा भन्दा जम्मा ५० प्रतिशत मात्र नयाँ गुण विकास गर्दछ । यस मध्येबाट जम्मा २५ प्रतिशत मात्र नयाँ पुस्तामा हस्तान्तरण गर्दछ । यो आधारमा हेर्दा त प्राकृतिक छनोटको प्रक्रियामा गुण त झन्झन् संकुचित हुँदै जाने भयो । यो संगतिपूर्ण कुरा थिएन । डार्बिन आफैंले आफ्नो सिद्धान्तको गम्भीर गल्ती थाहा पाएका थिए । तर यसको उपचार गर्ने उपाय उनीसँग थिएन । उनको यो समस्या पछि ग्रिगोर मेण्डल (१८२२-१८८४) ले समाधान गरे । मेण्डलले एक पुस्ताबाट अर्को पुस्तामा सर्ने तत्वको रूपमा 'वंशाणु इकाइ' पत्ता लगाएका थिए । पहिले यसलाई उनले 'वंशाणुको इकाइ' नै भनेका थिए । पछि यसैलाई 'जीन' भनियो ।

मेण्डलले भने, 'प्रजननको प्रक्रियामा बाबुआमाको स्वभाव मिश्रण हुँदैन । बरु एक पुस्ताबाट अर्को पुस्तामा जस्ताको तस्तै सर्दछ ।' डार्बिनको अनुमान जस्तो 'स्वस्फूर्त उत्परिवर्तन' (रेण्डम म्युटेशन)को प्रक्रियामा यो घट्दै जाने होइन बरु 'प्राकृतिक छनोट' को माध्यमबाट झन् संरक्षित हुँदै जान्छ । यसरी मेण्डलले डार्बिनका प्रश्नको समाधान गरिदिए । तर बीसौं शताब्दीको पुन:पुष्टि नहुञ्जेल यसलाई खास विश्वास गरिएन । मेण्डलको मृत्युको २० वर्षपछि मात्र वैज्ञानिकहरूले उनको खोजको महत्व थाहा पाएका थिए ।

जेनेटिक्सले 'नव-डार्बिनवाद' जन्मायो । नव-डार्बिनवाद भनेको जीनको तहमा हुने उद्विकासले जीवको समग्र स्वभावलाई निर्धारण गर्दछ भन्ने मान्यता हो । नव-डार्बिनवादीहरू भन्दछन्- साना साना जेनेटिक परिवर्तनको कारण नै जीव विकासमा विशिष्टीकरण हुन्छ । बृहत् उद्विकास भनेकै धेरै संख्याका सूक्ष्म उद्विकासको परिणाम हो । तर यो सिद्धान्तका विरोधाभास छन् । जीवाष्म अभिलेखमा 'क्रमिक विकास' भेटिदैन । बरु लामो समयको 'स्थिरता' पछि विशिष्टीकरण भएको चाहिं भेटिन्छ । यस्तो अवस्थालाई 'विरामसहितको सन्तुलन' भनिएको छ, र सर्वस्वीकार्य जस्तै छ । 'अनियमित उत्परिवर्तन' को अवधारणा पनि प्राय: सर्वस्वीकार्य नै छ । तर जीवका सबै प्रकारका सामाजिक व्यवहार जीनमै पूर्वनिर्धारित हुन्छन् भन्ने 'जेनेटिक निर्धारणवादी' दृष्टिकोणको चाहिं आलोचना भएको छ ।

### वैचारिक विस्तार

थोमस हब्स (१५८८-१६७९), जोन लक (१६३२-१७०४) र जीन ज्याक रुसो (१७१२-१७७८) को पालामा उद्विकास सिद्धान्त थिएन । यद्यपि उनीहरूको 'सामाजिक सम्झौताको सिद्धान्त' क्रमिक विकासको मान्यतामा आधारित छ । समाजशास्त्रका पिता मानिएका अगस्ट कम्प्ट (१७९८-१८५७) को पालासम्म पनि उद्विकास सिद्धान्त प्रकाशित भइसकेको थिएन । यद्यपि कम्प्टले समाजको विकासक्रम 'असभ्य-अर्धसभ्य-सभ्य' को परिपथमा अघि बढ्छ भन्ने प्रक्षेपण गरेका थिए । हर्बर्ट स्पेन्सर (१८२०-१९०३) इमाइल दुर्खिम (१८५८-१९१७) र म्याक्स वेबर (१८६४-१९१७) का समाजशास्त्रीय धारणा भने पूरापूर डार्बिन सिद्धान्तबाट प्रभावित थिए ।

डार्बिनले जीवको विकास प्रक्रियालाई व्याख्या गर्दा 'संघर्षद्वारा जीवन' (स्ट्रगल फर लाइफ) शब्द प्रयोग गरेका थिए । हर्बर्ट स्पेन्सरले यही धारणाको व्याख्या गर्दा 'योग्य मात्र बाँच्छन्' (सर्भाइवल अफ द फिटेस्ट) शब्द प्रयोग गरे । टमस माल्थस (१७६६-१८३४)को 'जनसंख्या सिद्धान्त' मा पनि यो धारणा अभिव्यक्त भयो । यस्ता धारणालाई आज 'सामाजिक डार्बिनवाद' भनेर चिनिन्छ ।

स्पेन्सरले डार्बिनको उद्विकास सिद्धान्तलाई न्यूटनका गतिका नियमसँग मिसाएका थिए । जीवशास्त्रको जैविक उद्विकास (अर्गानिक इभोलुसन) नै समाजमा आउँदा 'सामाजिक उद्विकास' मा रूपान्तरण भयो । उनले सामाजिक उद्विकासलाई सजातीयबाट विविधतातर्फ (होमोजिनियस टु हेटेरोजिनियस), सरलबाट जटिलतर्फ, एकरूपताबाट बहुरूपतातर्फ (युनिफर्मिटी टु मल्टीफर्मिटी) निश्चित चरण भएर गुज्रने प्रक्रियाको रूपमा व्याख्या गरे ।

'धनी र शिक्षित नै मानव समाजका लागि उचित र योग्य छन् । यिनीहरू बाँच्नका लागि अगाडि बढ्नुपर्छ, बढ्छन् । कमजोर र गरिबलाई उनीहरूको भाग्यले नै पछाडि पार्दछ ।' माल्थस र स्पेन्सरले डार्बिन सिद्धान्तमा टेकेर यसप्रकारको विभेदकारी सामाजिक धारणा विकास गरे । माथि उल्लिखित चिन्तकका कर्मले उदारवादी विचारधारा जन्मियो । वंशाणु र जेनेटिक्स सिद्धान्तले जातिवादी/राष्ट्रवादी विचारधारा जन्मायो । उन्नाइसौं शताब्दीका मार्क्स/एंगेल्सले डार्बिन सिद्धान्तलाई समर्थन र विरोध दुवै गरे । उनीहरूले प्रकृतिका लागि 'क्रमिक विकास' को डार्बिन सिद्धान्त ठिक छ भने । बाँदरबाट व्यक्ति, परिवार, निजी धन र राज्य, सबै 'क्रमिक विकास' को प्रक्रियाद्वारा पैदा भए भन्ने भाष्य बनाए ।

तर अर्कोतिर राज्य जन्मिएपछिको अवस्थाका लागि भने डार्बिन सिद्धान्त काम नलाग्ने भन्दै विरोधाभाषी कुरा गरे । यस ठाउँमा उनीहरूले समाज, 'क्रमिक विकास' र 'छलाङ', दुवैको 'द्वन्द्वात्मक प्रक्रिया' द्वारा अघि बढ्ने कुरा गरे । यति खण्डन गर्दागर्दै पनि मार्क्स/एंगेल्सले समाजको गतिलाई एकलरेखीय चरणमा देखाउने तरिका भने छोडेनन् । यसरी सारतत्वका हिसाबले हेर्दा मार्क्सवादी विचारधारा पनि डार्बिन चिन्तनको सीमाभित्रै सीमित देखियो ।

### उद्विकास सिद्धान्तमा क्रान्ति

डार्बिन सिद्धान्तको महत्व के हो भने, यसले प्राणीहरू कुनै सृष्टिकर्ताको हातबाट पैदा भए भन्ने अन्धविश्वासलाई तोडिदियो । सृष्टि प्रक्रिया लामो कालको क्रमिक विकासको उपज हो भन्ने धारणा स्थापित गरायो । पृथ्वीका सारा प्राणी एउटै उद्गमबाट क्रमश: विकसित भएका हुन् र यिनीहरू अन्तरसम्बन्धित सञ्जालमा आवद्ध छन् भन्ने नवीन सोच दियो । डार्बिनका यी धारणा आज पनि उत्तिकै सान्दर्भिक छन् ।

उनका बाँकी कुरा भने आधुनिक जीवविज्ञानले खण्डित गरेको छ । उद्विकास सिद्धान्तमा क्रान्ति ल्याउने मूल पात्र लिन मार्गुलिस (१९३८-२०११) हुन् । उनको उद्विकासको सिद्धान्तलाई 'सहजीवन सिद्धान्त' (सिमबायोसिस) भनिएको छ । मार्गुलिसले पृथ्वीको सतहमा रहेका ब्याक्टेरियाहरूको सूक्ष्म जीवन चक्र अध्ययन गरेकी थिइन् । यो अध्ययनले नै उनलाई डार्बिन भन्दा फरक निष्कर्षमा पुर्‍यायो ।

डार्बिन, संसारमा जीवन पैदा भएको परिघटनालाई 'स्थानीय' तत्वको कार्य-कारण सम्बन्धमा देखाउने प्रयास गर्दथे । उनी भन्थे, स्थूल भौगोलिक परिवेशले नै पृथ्वीमा जीवन पैदा हुने अवस्था सिर्जना गरेको हो । जनावर र वनस्पतिहरू एक किसिमका 'यात्रु' हुन्, जो भौगोलिक विकासको खास मौकामा उद्विकास भएका थिए । मार्गुलिसले यसको ठिक विपरीत कुरा गरिन् । उनको धारणामा जीवन भनेको कसैले पैदा गर्ने चिज होइन । आफ्नो अस्तित्वका लागि आवश्यक वातावरण जीवन आफैंले सृजना गर्दछ । अर्थात्, जीवनले नै जीवन सिर्जना गर्दछ । पृथ्वी 'निर्जीव भौतिक वस्तु' होइन, 'सजीव सञ्जाल' हो । पृथ्वी मात्र होइन, सिंगो ब्रह्माण्ड नै जिउँदो छ । ब्रह्माण्डीय जीवनको 'स्वसंचालन' द्वारा नै पृथ्वीमा पनि जीवन 'स्वसंचालित' छ ।

पृथ्वी र ब्रह्माण्ड अन्तरसम्बन्धित पृष्ठपोषण संयन्त्रमा बाँधिएका छन् । पृथ्वीका जनावर र वनस्पति क्षणिक 'यात्रु' होइनन् । यो संसारमा हरेक जीवन सार्वभौम छ । पृथ्वीमा जीवनको अस्तित्व रहेको परिघटना 'स्थानीय' (सापेक्ष) होइन, 'ब्रह्माण्डीय' (निरपेक्ष) परिघटना हो । डार्बिनले 'क्रमिक विकास' मा जोड दिएका थिए, मार्गुलिसले 'छलाङ' भनिन् । आफ्नो अनुसन्धानमा मार्गुलिसले स-सानो स्तरमा हुने नयाँ प्रजातीय परिवर्तन पुष्टि हुने खालको तथ्य फेला पारिनन् । बरु, ठूलो स्तरमा छलाङ मार्दै अघि बढ्ने प्रवृत्ति फेला पारिन् । त्यसैले उनले भनिन् उद्विकास भन्ने कुरा विस्तारै घिस्रिँदै होइन, आकस्मिक र नाटकीय रूपमा हुने गर्छ ।

डार्बिनले 'संघर्षद्वारा जीवन' भनेका थिए । मार्गुलिसले 'सहजीवनद्वारा जीवन' भनिन् । आफ्नो अध्ययनमा उनले विभिन्न जीव बीचमा संघर्ष देखिनन् । बरु आपसी भलाइका लागि सहकार्य गर्दै बसेका कैयौं उदाहरण फेला पारिन् । मार्गुलिसले भनिन्, 'जस्तो कि ब्याक्टेरियाले अर्को जीवित प्रजातिसँग समाविष्ट भएर सहजीवन मार्फत नयाँ पुस्ता फैलाउँछ । मानवले पनि यही गरिरहेको छ, जसरी प्रकृतिले गरिरहेको छ । चाहे बोटबिरुवाको जीवकोष होस् अथवा जनावरको, चाहे ढुसीको जीवकोष होस् अथवा मानवको, यी सबै शृंखलाबद्ध रूपमा भएका सहजीवनको मिलन (सिमबायोटिक मर्जर) को परिणाम हो, जहाँबाट बिशाल प्रजातीय फड्को सम्भव भएको हो ।'

उद्विकासको यो नयाँ सिद्धान्तले इतिहास सम्बन्धी हाम्रा प्रचलित बुझाइलाई खण्डित गर्दछ । विशेषत: 'सामाजिक सम्झौताको सिद्धान्त' र 'ऐतिहासिक भौतिकवाद' वा 'इतिहासको भौतिकवादी व्याख्या' का नाममा जे जस्तो भाष्य बनाइएको छ, त्यसको खण्डन गर्दछ । सामाजिक चिन्तकहरूको आजको अभिभारा उद्विकासको नयाँ सिद्धान्तका आधारमा सामाजिक चिन्तनको नयाँ ढाँचा निर्माण गर्नु हो । इतिहास, विज्ञान र समाजशास्त्रको क्षेत्रमा प्रचलित भाष्यमा क्रान्तिकारी परिवर्तन गर्नु हो । *(साभार: अनलाइनखबर)*

# कहिलेसम्म गिजोलिन्छ नेपालको राजनीति ?

सञ्जीव कार्की

राजनीति सबैले गर्न मिल्ने र खेल्न मिल्ने खेल हो । राजनीति एउटा व्यक्तिदेखि समुदाय, गाउँ, सहर जिल्ला, प्रदेश, केन्द्र सर्वत्र हुन्छ । केन्द्र राजनीतिको प्रमुख स्थल हो । राजनीति सबैले गर्दा गर्दै सबैले सधैं गर्न र खेल्न नमिल्ने खेल पनि हो । त्यसैले, यसमा पनि निश्चित, नियम, समय र विधि अनि प्रक्रिया निर्धारण गरिएको हुन्छ । राजनीतिमा सत्ताको दौडमा प्रतिस्पर्धा गर्ने पार्टी र तिनका प्रतिनिधिहरू चुनिएर जान्छन् । ती प्रतिनिधिहरू व्यक्ति व्यक्तिले गर्ने राजनीतिको छनौट मार्फत छानिएर पुगेका हुन्छन् ।

जसरी खेल मैदानमा खेल खेल्ने अवसर सयौं खेलाडीमध्ये केही र निश्चित संख्याले प्राप्त गर्दछ । त्यसै गरी राजनीतिमा पनि सत्ताको खेल खेल्न विभिन्न तह र तप्काका खेलाडी स्थानीय निकायदेखि प्रदेश र केन्द्रसम्म चुनिएर, छानिएर र छाँटिएर आएका हुन्छन् । त्यसैले, ती खेलाडी सत्ताको वैधानिक हकदार हुन्, जसलाई संविधान र विधानले चिनेको र जानेको हुन्छ । जसले जनताको वारेस लिएर गएका हुन्छन् । सामान्यतया राजनीतिको वैधानिक खेल खेल्ने पात्रहरू तिनै हुन् । उनीहरूकै निर्णयले वैधानिकता प्राप्त गर्दछ, जो जनताद्वारा विभिन्न चुनावमार्फत् प्रतिनिधि बनेर पुगेका छन् ।

हामीले प्राय पाँच वर्षको लागि चुनेका प्रतिनिधिलाई आधुनिक राजनीतिको भाषामा हाम्रो सेवक बन्न भरिया बन्न पठाएका हौ । यिनै खेलाडीले गोल हान्ने, स्पाइक गर्ने, चौका छक्का हान्ने काम गर्न पाउँछन् । प्रजातन्त्र लोकतन्त्रको मर्म र उद्देश्य यही हो, आफूले चुनेर पठाएका प्रतिनिधिले आवधिक निर्वाचन मार्फत शासन गर्ने र सत्ताको व्यवस्थापन गर्ने । तर हामी विधि र प्रक्रियामा पुग्ने कामलाई कर्मकाण्ड गरे जस्तो गरेर बाहिर बाहिर सत्ताको अभ्यास गर्छौं । वैधानिकता प्राप्त गर्ने निकाय एकातिर राजनीतिको खेल अर्कोतिर भैरहेको हुन्छ । निर्णय गर्ने बहुसंख्यक प्रतिनिधि अरूले सुनाएको निर्णयमा लालमोहर लाउने पात्र मात्र भएर बसेका हुन्छन् । वैधानिक निकायभन्दा बाहिर पार्टी पार्टीबीच सामान्य छलफल, लेनदेन र भागबण्डा अस्वाभाविक होइन । तर सबै धन्दा बाहिर गरिएर लालमोहर लाउन मात्र संसदमा छिराउनु राम्रो मानिन्न ।

हाम्रो राजनीतिमा देश भित्रको ग्राउण्ड बाहिरका खेलाडी मात्र नभएर देश बाहिरका खेलाडी पनि खेलको निर्णायक बनिदिन्छन् । सामान्यतया खेलमा रेफ्रीको भूमिका हुन्छ तर रेफ्री बन्नुपर्ने, तटस्थ बस्नुपर्ने राष्ट्रिय र अन्तर राष्ट्रिय निकाय नै स्वयं खेल खेल्न मैदानमै छिर्ने प्रतिस्पर्धा ज्यादै लाजलाग्दो विषय बनेको छ । नेपालमा नेपालीले आफै खेल्ने खेलमा बाहिरको खेलाडीको निर्लज्ज प्रवेश सबै नेपालीको शीर झुकाउने सवाल हो । यो नेपाली मन्त्री परिषद्मा विदेशीले प्रवेश पाउने २००७ सालको पेरिफेरिको समयदेखि आज पर्यन्त अनेक रूप, रंग, सवाल र सर्तमा भएको छ । हिजो हाकाहाकी देखादेखी उपस्थित हुने परम्परा थियो, आज त्यसको स्वरूप बदलिएर आएको छ । उपस्थिति, हस्तक्षेप र निर्देशनमा आधुनिकीकरण गरिएको छ, कम गरिएको छैन । पार्टीहरूले डिक्टेशन पाएका छन्, सोही अनुसार लेख्छन् ।

भावी राष्ट्रपति र उपराष्ट्रपतिको विषयमा चर्को मतान्तर, तानातान खिचातानी र मोलमोलाई चलिरहँदा पूर्व न्यायाधीश र बहालवाला न्यायाधीशहरूसमेत आफ्नो इन्ट्रेस्ट देखाएर वक्तव्यबाजीमा उत्रेका छन् । उत्ताउलो बनेर प्रस्तुत भएका छन् । समाजका प्रवुद्ध वर्गको आफ्नो दृष्टिकोण सुझाव र सल्लाह अन्यथा होइन तर आफ्नो हितको लागि त्यो केन्द्रीत देखिनु दूर्भाग्यपूर्ण हुनेछ । यही अवस्था हो, गैर खेलाडीको खेल मैदानमा प्रवेश र हस्तक्षेप ।

जब पार्टीहरू आफ्नो निर्णय क्षमता गुमाउँछन्, तब राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी मैदान छिर्न र निर्देश गर्न आइपुग्छन् । पूर्व, पश्चिमका र उत्तर, दक्षिणका राजदूतहरू नेताको दैलो दैलोमा देउसी खेल्न पुग्छन् । अनावश्यक सल्लाह दिन्छन् । कसैलाई उक्साउछन्, कसैलाई तर्साउँछन् । कसैलाई ऊर्जा दिन्छन्, कसैलाई टेको झिकिदिन्छन् । अनि, कहिले गैरराजनीतिक व्यक्तिको फरमान जारी गर्छन् र सम्भावित नामको उर्दी पस्कन्छन् । सल्लाह दिनेले, हस्तक्षेप गर्नेले आफ्नो गच्छेअनुसार गरिरहेका छन् । कसैलाई न्यायलय देखाएर तर्साउँछन्, कसैलाई शक्तिकेन्द्र र भक्तिकेन्द्र देखाएर ।

जब राजनीति तरल हुन्छ, तब आकार दिने र तरल राजनीतिलाई आफ्नो साँचोमा ढाल्न देश विदेश सक्रिय रहन्छ । सम्बन्धित खेलाडी अन्योलग्रस्त हुन्छन् र असम्बन्धित पात्रहरू अर्ति, उपदेश, आदेश, अचानो र आरो लिएर आइपुग्छन् । तव रेटिनुपर्ने आमनेपालीको गर्दन हो । जुन हाम्रो देशका पार्टी र नेताहरूले आजसम्म पुर्याउन नसकेको बुद्धि हो । राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव नेताको व्यवस्थापन होइन, देशको व्यवस्थापनको लागि अभिभावकीय नेतृत्व हो, जुन सेरेमोनियल हुन्छ र तर, राष्ट्रपतिमा देखिएको दलहरूको विशेष आकर्षणले यो पद कार्यकारी बन्ने र बनाउने खतरा छ, जसलाई पूर्व राष्ट्रपति र वर्तमान राष्ट्रपतिले नजीर बसालिदिनु भएको छ ।

नेपाली दल र नेताको बुद्धिलाई व्यङ्ग गर्न कवि भूपि शेरचनले 'हामी फगत क्यारेमका गोटी हौं । स्ट्राइकरले जता हान्छ, त्यतै मुन्टिनु गोटीको नियति हो,' भनेर कवितामार्फत् नेपाली राजनीतिमा हस्तक्षेप विगतदेखि भएको संकेत गरेका थिए । हामी आज पनि त्यही नियति भोगिरहेका छौ । आफै आफ्नो स्ट्राइकर बन्न किन सकिरहेका छैनौ ? आजको राजनीतिको मूल विमर्श यही हो । जहिल्यै गोटी बन्नुपर्ने नियतिबाट उम्कने उपाय के हो ? कतै हाम्रो व्यवस्थामा खराबी त छैन ? कुनै पनि व्यवस्था आफैमा गुण र दोषरहित हुँदैन भनिन्छ । तर, मात्रात्मक रूपमा गुण हावी हुने परिपाटी हामीले किन अवलम्बन गर्न सकेनौ ? व्यवस्थालाई हेर्ने दृष्टिदोष पो छ कि ? राजनीतिमा हाम्रो आवश्यकता भन्दा बढी चासो पो रह्यो कि ?

होइन भने आज हामीले अभ्यास गरेको व्यवस्था मिश्रित चुनाव प्रणालीमा कुनै पनि पार्टीको बहुमत आउने अवस्था प्राय: हुँदैन । बहुमत आए पनि टिकाउन नसकेको हाम्रो अघिल्लो संघ र प्रदेशको चुनाव पछिको सत्ताको खेलले प्रष्ट पारेको छ । संसदमा गणितको खेल भएको कारण सबैभन्दा ठूलो दल फुटेर संसदमा तेस्रो स्थान प्राप्त दल नेपाली काँग्रेसले सरकारको नेतृत्व गरेको र सबैभन्दा ठूलो दल नेकपा एमाले सत्ता भन्दा बाहिर बसेको दृश्य समेत देखिएकै हो । भर्खरै सम्पन्न निर्वाचन पश्चात पनि संसद्को सबैभन्दा ठुलो दल कांग्रेस प्रतिपक्षमा रहेको छ भने दोस्रो ठुलो दल एमाले, तेस्रो दल माओवादीको स्टेक होल्डर भएर सत्ता सयरमा छ । फागुन २५ मा हुने राष्ट्रपतिको चुनावले पुन: सत्ता उलटफेर हुने निश्चितप्राय: छ ।

झन्डै दुई तिहाई बहुमत प्राप्त पार्टीको सरकार गिरेको घटनाले पनि संसदमा हुने सत्ताको अस्थिरता सामान्य हो । सत्तामा पुग्ने सत्ताबाट एकले अर्कोलाई विस्थापन गर्न खोज्ने खेल सामान्य हो । हामी चुनाव प्रणाली फेर्न सक्दैनौ भने सत्तामा पार्टीहरू पाँच वर्षभित्र अनेक पटक आउने जाने गरेको खेल हेर्न सधैं बाध्य हुनेछौ । हाम्रो जस्तो मिश्रित चुनाव प्रणाली अवलम्बन गर्ने जुनसुकै देशमा पनि पार्टीहरूबीच सत्ताको छिनाझमट चलिरहन्छ । सत्ता असमयमा तल माथि भैरहन्छ । विधि र प्रक्रियासम्मत भएका कुरालाई सामान्य रूपमा बुझ्ने र ग्रहण गर्ने संस्कृति नभएसम्म राजनीति विरक्तलाग्दो बनिरहन्छ । *बाँकी पृष्ठ-३ मा....*

# सर्वोच्चबाट सन्दीपलाई मागेको भन्दा बढी सुविधा




काठमाडौं/सर्वोच्च अदालतले नाबालिग बलात्कारको आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेलाई क्रिकेट प्रतियोगितामा भाग लिन विदेश जाने अनुमति दिएको छ । न्यायाधीशहरु सपना प्रधान मल्ल र डा. कुमार चुडालको संयुक्त इजलासले लामिछानेलाई अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा भाग लिन विदेश जान पाउने बाटो खोलिदिएको हो ।

सर्वोच्च अदालतको आदेशमा रहेको व्यहोरा उल्लेख गर्दै प्रवक्ता विमल पौड्यालले भने, 'क्रिकेटको विश्वकप छनोट प्रतियोगितामा जानुपरेको भन्ने जिकिर रहेकोमा सन्दीप लामिछानेलाई क्रिकेट खेल्न विदेश जान दिनू/दिलाउनू एवं निजको राहदानी रोक्का भएको भए फुकुवा गरिदिनू भनी सम्बन्धित निकायमा लेखी पठाउनू ।'

यसअघि उच्च अदालत पाटनले विदेश जानुअघि अदालतबाट अनुमति लिनुपर्ने शर्त तोकेको थियो । तर सर्वोच्चले देशभित्र र विदेशमा समेत अन्तर्राष्ट्रिय स्तरको क्रिकेट प्रतिस्पर्धामा भाग लिन जानुपर्ने देखिएको भन्दै सन्दीपलाई विदेश जान अनुमति नै लिनु नपर्ने आदेश दियो ।

आदेशको व्यहोरा उल्लेख गर्दै प्रवक्ता पौड्यालले भने, 'प्रतिवादी लामिछानेलाई विदेश जान रोक लगाउने गरी उच्च अदालत पाटनले प्रकरण २१ (क) को आदेश मिलेको नदेखिंदा सो हदसम्म बदर गरिदिएको छ ।'

सर्वोच्चले प्रतियोगितामा भाग लिएपछि छिटो उपलब्ध हुने यातायातका साधनबाट फर्केपछि १५ दिनभित्र मुद्दा हेर्ने अदालत (जिल्ला अदालत, काठमाडौं) मा उपस्थित भई जानकारी गराउनुपर्ने आदेश दिएको छ । यो शर्तको पालना नभए विदेश जाने सुविधा समेत फिर्ता हुने उल्लेख गरेको छ ।

नाबालिग बलात्कारको आरोपमा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएपछि सन्दीपले उच्च अदालत पाटनमा निवेदन दिएका थिए । उक्त निवेनमा सुनुवाइ गर्दै २८ पुस २०७७ मा उच्च अदालतले लामिछानेलाई विदेश जान नपाउने लगायत शर्तसहित २० लाख रुपैयाँ धरौटीमा छाडेको थियो ।

उनलाई पुर्पक्षका लागि थुनामा नै पठाउनुपर्ने भन्दै महान्यायाधिवक्ता कार्यालयले सर्वोच्च अदालतमा निवेदन दिएपछि लामिछाने पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन विदेश जान पाउँ भन्ने माग लिएर बिहीबार सर्वोच्च पुगेका थिए ।

सर्वोच्चले उच्च अदालतको आदेशको सबैजसो व्यहोरा सदर गर्नुका साथै विदेश जान अनुमति मात्र दिएन, विदेशबाट फर्केपछि मात्रै अदालतलाई जानकारी दिए पुग्ने सुविधा पनि दियो । यसरी हेर्दा लामिछानेले जे सुविधा माग गरेर अदालत गएका थिए, त्योभन्दा बढी सहुलियत पाएको देखिन्छ ।

**सर्वोच्चले के लियो आधार ?**

फौजदारी मुद्दाको सुनुवाइको सुरुवाती चरणमा घटनाको गम्भीरता हेरी अदालतले आरोपितलाई थुनामा पठाउने, धरौटी माग्ने वा सामान्य तारेखमा छाड्न सक्छ । तल्लो अदालतको आदेश चित्त नबुझेमा मुद्दाको पक्षले माथिल्लो अदालतमा निवेदन दिन पाउँछन् ।

यस्तो अवस्थामा माथिल्लो अदालतले मुद्दाको विषयवस्तुमा प्रवेश नगरी 'थुनछेक' को विषयवस्तुमा सीमित रहेर आदेश मिले/नमिलेको परीक्षण गर्छन् । त्यस क्रममा थुनछेक आदेशपछि संकलित प्रमाणहरु हेरिंदैन । सर्वोच्च अदालतले भने पीडित 'गौशाला २६' माथिको बलात्कारको विषयवस्तुभित्र मात्रै प्रवेश गरेको छैन, थुनछेक आदेशपछि जिल्ला अदालतमा संकलन भएका प्रमाणको समेत विवेचना गरेको छ ।

पीडितले लगाएको आरोप सन्दीपले इन्कार गरेको देखिएको भन्दै सर्वोच्च अदालतले ५ भदौ २०७९ मा दुवैजना नगरकोट घुमेर होटलसम्म आएको तथ्य विवादरहित रहेको औंल्याएको छ । तत्काल प्राप्त प्रमाणबाट त्यो रात पीडितमाथि बलात्कार भएको थियो कि थिएन भन्ने विवाद निरुपण गर्नुपर्ने भन्दै आदेशमा केही विषयको विवेचना छ ।

संयुक्त इजलासले पीडितको शारीरिक परीक्षण रिपोर्ट हेर्दा उनको शरीरमा घाउ रहेको स्वीकारेको छ । तर पीडितले दाबी गरे पनि वीर्य लगायतको प्रमाण नभेटिएको औंल्याइएको छ । 'प्रतिवादीको कुनै वीर्ययुक्त तथ्यगत प्रमाण त्यहाँ वारदात हुनसकेको पाइँदैन' आदेशमा भनिएको छ, 'पीडितको यौनांगमा वीर्य फेला नपरेको भनी प्रहरीको प्रयोगशाला प्रतिवेदनबाट देखिन आउँछ ।' सर्वोच्च अदालतले आरोपित र पीडित एउटै गाडीमा सहजताका साथ आएको र त्यही शैलीमा बाहिरिएको विवरणलाई महत्व दिंदै सन्दीपलाई थुनामा राख्न आवश्यक नभएको आधारका रुपमा उल्लेख गरेको छ ।

जिल्ला अदालत काठमाडौंमा गौशाला २६ कि होस्टलकी रुममेटको बकपत्रलाई सन्दीपलाई धरौटीमा छाड्ने उच्च अदालतको आदेशको औचित्य पुष्टि गर्ने आधार बनाइएको छ । बकपत्रमा पीडितकी रुममेटले सन्दीपलाई भेटेको, नगरकोट गएको, लाइफमा सबैभन्दा खुसीको पल नै हिजो थियो भनेको र भोलिपल्ट सन्दीपको नामको जर्सी ल्याएर हुटिङ गरेको व्यहोरा उल्लेख छ ।

जिल्ला अदालत काठमाडौंमा पीडितको 'रुममेट' को बकपत्र थुनछेक आदेशबाट सन्दीप पुर्पक्षका लागि थुनामा पठाइएपछि भएको हो । सामान्यतया थुनछेक आदेशअघि पेश भएका प्रमाणका आधारमा मात्रै आरोपितलाई थुनामा पठाउने कि छाड्ने ठीक भन्ने विषयमा बहस गरिन्छ ।

बन्द इजलासमा सन्दीपका कानुन व्यवसायीले गौशाला २६ कि रुममेटको बकपत्रलाई जोडतोडका साथ उठाएपछि सरकारी वकिलले थुनछेक आदेशपछिका विषयमा केन्द्रित हुनु उचित नहुने भन्दै इजलासको ध्यानाकर्षण गराएका थिए । त्यसपछि न्यायाधीशद्वयले 'मिसिलमा संलग्न कागजात त हेर्न मिल्यो नि' भनी जवाफ दिएको स्रोतले बतायो । आदेशमा त्यही विवरणलाई समेटेर सन्दीपलाई धरौटीमा छाड्ने आदेश पुष्टि गर्ने आधार बनाइएको छ ।

'उसले मलाई सुरक्षित साथ छाड्यो', 'मैले सन्दीपलाई हिजो अंकमाल गरें' भन्नेजस्ता म्यासेज पीडितको पक्षबाट प्रवाह भएको भन्दै सर्वोच्च अदालतले यी विवरणलाई विश्लेषण गर्दै पीडितको दाबीभन्दा पनि प्रतिवादी लामिछानेको भनाइलाई विश्वास मानेको देखिन्छ ।

'पीडिता एवं पीडितका साथीहरुबीच फेसबुक, ह्वाटसएप, स्न्याप च्याटमा पटक पटक म्यासेज भएका उपरोक्त तत्काल प्राप्त प्रमाणका आधार कारणबाट प्रतिवादीलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेसम्मको अवस्था नभई' त्यसबारे सर्वोच्चको आदेशमा भनिएको छ, ".उच्च अदालत पाटनको आदेश प्रकरण २१(क) बाहेकको हदसम्म केही परिवर्तन गर्नु परेन ।'

उच्च अदालतले सन्दीपलाई धरौटीमा छाड्दा फौजदारी न्यायको विधिशास्त्रीय मान्यतामाथि प्रश्न उठ्ने कैयौं विवरण उल्लेख गरेको कानुनका जानकारहरुले सार्वजनिक रुपमै बताएका थिए । तर उच्च अदालतको आदेश र विवेचनामाथि समेत सर्वोच्च अदालतले कुनै प्रश्न नउठाई सदर गरेको देखिन्छ ।

'उच्च अदालत पाटनको आदेश पटक्कै युक्तिसंगत छैन, कानुनको परिधिबाहिर गएर मनोगत व्याख्या भएको थियो' एक सरकारी वकिलले भने, 'सन्दीपलाई विदेश जान अनुमति दिनु बरु आपत्तिजनक थिएन । तर उच्च अदालतको आदेशमा कैयौं प्रश्न थिए ।'

सर्वोच्च अदालतले बलात्कार मुद्दामा किटानी जाहेरीपछि लामिछानेको क्रियाकलापले अनुसन्धान र तहकिकातमा कुनै प्रभाव नपरेको जिकिर गरेको छ । जाहेरी पर्दा लामिछाने केन्यामा रहेको, त्यसपछि स्वदेश फर्केर अनुसन्धान, तहकिकात र न्यायिक प्रक्रियामा सहयोग गरेको भन्दै सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'निज उपर उच्च अदालत पाटनबाट विभिन्न प्रकृतिका निषेधात्मक आदेश भएकोमा त्यस्ता आदेश उल्लंघन नगरी सन्तोषजनक रुपमा परिपालना गरेको पनि देखिन्छ ।'

सर्वोच्च अदालतले लामिछाने अन्तर्राष्ट्रिय खेलाडी भएकाले सार्वजनिक चासो रहेको औंल्याउँदै यो मुद्दा छिटोछरितो विधिबाट निरन्तर सुनुवाइ गरी किनारा लगाउन पनि आदेश दिएको छ । बन्द इजलासमा सुनुवाइ भएको औंल्याउँदै यो आदेशको प्रतिलिपि मुद्दाका दुई पक्षबाहेक अरुलाई उपलब्ध नगराउन पनि भनिएको छ । 'यो आदेशको प्रतिलिपि सामाजिक सञ्जालमा समेत अपलोड नगर्नू नगराउनू' आदेशमा भनिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# भिटेनको स्वरमा 'छड्के २'को 'छड्के खालास' गीत रिलिज




काठमाडौं/निगम श्रेष्ठको निर्देशनमा बनेको फिल्म 'छड्के २'को पहिलो गीत सार्वजनिक गरिएको छ । आइतबार सार्वजनिक 'छड्के खालास' बोलको गीतमा चर्चित र्‍यापर भिटेनको शब्द, संगीत र आवाज छ । गीतको भिडियोमा अभिनेता अनमोल केसी बढी छाएका छन् । एंग्री र मस्ती मूडसहित केही दृश्यमा उनलाई नशालु वस्तु सेवन गरेको देख्न सकिन्छ । यसले फिल्ममा उनको चरित्रबारे बोल्छ ।

निर्देशक श्रेष्ठ स्वयंको लेखन रहेको फिल्ममा अनमोलसँगै रोविन तामाङ, कमलमणि नेपाल, देवकुमार श्रेष्ठ, सृजना सुब्बा, देवु श्रेष्ठ, रेशा आले मगर, इयान स्कट क्लेमेन्ट, सन्तोष मिजार, अफरान अलि, निगम श्रेष्ठ, चिरञ्जीवी अधिकारी र कुमार घलानलगायतको अभिनय छ । देशको प्राकृतिक स्रोत हत्याउन र त्यसबाट आर्थिक लाभ लिन संघर्षरत तीन ग्याङको कथामाथि फिल्म बनेको छ ।

मस्को सिंह र राजेन्द्र सापकोटाले खिचेको फिल्ममा राजकुमार उप्रेतीको द्वन्द्व र रवि चौधरी तथा लोकेश बज्राचार्यको सम्पादन छ । निर्भाना फिल्म स्कुल, काभ्रे फिल्म्स र मेधाको ब्यानरमा निर्माण भएको फिल्मको निर्मातामा प्रशान्त गिरी र देवकुमार श्रेष्ठ रहेका छन् । फिल्मको कार्यकारी निर्माणमा निर्भाना फिल्म स्कुल र लक्ष्मण काफ्ले छन् । यही शुक्रबार बाट फिल्म प्रदर्शनमा आउँदैछ ।

१० वर्षअघि सानदार इनिसियल व्यापार गरेको 'छड्के'को सिरिज र त्यसमा पनि सुपरस्टार अनमोल केसी जोडिएकाले फिल्मको ओपनिङ आक्रामक हुने प्रक्षेपण गरिएको छ । अनमोलले पहिलो पटक ग्याङस्टरको भूमिका निर्वाह गरेकाले युवापुस्ताको एउटा वर्ग फिल्मलाई लिएर अधैर्य छ । 'वर्ड अफ माउथ' बलियो हुन सकेको खण्डमा फिल्मले बक्सअफिसमा लामो यात्रा गर्न सक्नेछ ।

# रिहा भएपछि पलको प्रतिक्रिया–'सबैलाई धन्यवाद'



काठमाडौं/आइतबार उच्च अदालत कास्कीले पल शाहविरुद्ध जबर्जस्ती करणीको अभियोगमा दाबी नपुगेको भन्दै सफाइ दिएपछि सोमबार विहान ११ बजे सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरेर उनी दमौलीको तनहुँ कारागारबाट रिहा भएका छन् । उनको स्वागतमा बहिनी र नजिकका साथीभाई कारागार पुगेका थिए भने कारागारबाहिर पलको रिहाइको खुसीमा प्रशंसकहरुको ठूलो भीड लागेको थियो ।

रिहा भएपछि पलले सञ्चारकर्मीसँग छोटो कुराकानी गर्दै 'सबैलाई धन्यवाद' भनेका छन् । उनी साढे १२ बजे बहिनी र साथीभाईको साथमा दमौलीबाट पोखरातर्फ प्रस्थान गरेका छन् । उनी पोखराबाट हवाई मार्गमार्फत् काठमाडौं आउने बताइएको छ । पोखरा पुग्न साँझ भएको खण्डमा भने उनी मंगलबार मात्र काठमाडौं आउने दमौली पुगेका पत्रकार गोपिकृष्ण चापागाईंले जानकारी दिए ।

जेलमुक्त भएपछि उनी अत्यन्त खुसी देखिएका थिए । उनले आफ्नो समर्थकहरुलाई हात हल्लाउँदै धन्यवाद प्रकट गरे । उनलाई उच्च अदालत पोखराले सफाइ दिएकोमा पूजा शर्मादेखि रमेश उप्रेतीसम्मले सामाजिक सञ्जालमा खुसी व्यक्त गरेका छन् । २०७८ सालको फागुन १५ गतेदेखि जेल जीवन बिताउन थालेका पल ठ्याक्कै एक वर्षमा सबै मुद्धाबाट सफाइ पाएर रिहाइ भएका हुन् ।

गत भदौ २१ गते नवलपुर जिल्ला अदालतले बाल यौन दुरुपयोगको मुद्दामा शाहलाई २ वर्ष ६ महिना जेल सजाय र १० लाख रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दिएको थियो । त्यस फैसलाविरुद्ध शाहले उच्च अदालतमा पुनरावेदन दिएका थिए । उच्चका न्यायाधीश डिल्लीराज आचार्य र श्रीधरा कुमारी पुडासैनीको इजलासले नवलपुर अदालतको फैसला उल्ट्याउँदै शाहलाई सफाइ दिएको हो ।

# फागुन २५ अघि नै सरकारमा जाला कांग्रेस ?



काठमाडौं/नेपाली कांग्रेसलाई प्रमुख प्रतिपक्ष दलको मान्यता दिन नहुने मागसहित सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ । तर विकसित राजनीतिक घटनाक्रमले कांग्रेस प्रतिपक्षबाट सत्तारुढ बेञ्चमा आइपुग्ने अवस्था बनेको छ ।

२६ पुसमा प्रधानमन्त्रीलाई विश्वासको मत दिएर सम्वाद सुरु गरेका कांग्रेस नेताहरु राष्ट्रपति निर्वाचनमा आफ्नो दलका उम्मेदवार रामचन्द्र पौडेललाई सत्तारुढ माओवादी केन्द्रले समर्थन जुटाउन सफल भए । १३ फागुनमा पौडेलको उम्मेदवारी दर्तासँगै राप्रपाले सरकार छाड्यो ।

परराष्ट्रमन्त्रीको भ्रमण रोकेका प्रधानमन्त्री प्रचण्डले मन्त्रीहरुलाई विना विभागीय बनाउने तयारी गरेपछि १० पुसमा बनेको गठबन्धनको सबभन्दा ठूलो नेकपा एमालेले सोमबार सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ र, एमालेका सबै मन्त्रीहरुले राजीनामा पनि बुझाएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समर्थन त फिर्ता लिएको छैन, तर २२ माघमै सरकार छाडेको थियो । १० पुसमा बनेको गठबन्धनमा रहेको जनता समाजवादी पार्टी (१२) जनमत (६) र नागरिक उन्मुक्ति (४) मात्र प्रधानमन्त्री प्रचण्डको साथमा छन् । यद्यपि प्रचण्डसँग संसदको बहुमत छ । किनकि ससदको सबभन्दा ठूलो दल (८९) कांग्रेसका साथै एकीकृत समाजवादी (१०) र लोकतान्त्रिक समाजवादी (४) र राष्ट्रिय जनमोर्चा (१) को साथ छ । तर ८ दलीय गठबन्धनको निर्णायक शक्ति कांग्रेस नै हो ।

र, सोमबार एमालेले सरकार छाडेसँगै कांग्रेस राष्ट्रपति निर्वाचनअघि नै सरकार जाने सम्भावना बढेको छ । कांग्रेस नेता एनपी साउद भन्छन्, 'राष्ट्रपतिको चुनाव अघि नै कांग्रेसमा जानसक्छ ।'

जबकी परराष्ट्रमन्त्रीको जेनेभा भ्रमण नरोक्दासम्म एमालेले २५ फागुनसम्म सरकारमा बस्ने मुड बनाएको थियो । कांग्रेस नेताहरु पनि राष्ट्रपति निर्वाचनसम्म पर्खिने मनस्थितिमा थिए । तर फेरिएको परिस्थितिमा कांग्रेस सरकारमा आउने अवस्था बन्दै गएको माओवादीका एक नेता बताउँछन् । उनले भने, 'मन्त्रालय भागवण्डाबारे छलफल गर्न बाँकी नै छ, ढिलामा ५/७ दिनमा कांग्रेस सरकारमा आउला ।'

कांग्रेसमा पनि त्यो हतारो देखिन्छ । किनकी ४ मंसिरको चुनावमा आफ्नो दलको एकल बहुमत नआएको भएपनि पाँचदलीय गठबन्धनको सरकार बनाउने कांग्रेसको चाहना थियो । तर शेरबहादुर देउवा र प्रचण्डमध्ये को पहिला प्रधानमन्त्री बन्ने भन्ने विवादका कारण गठबन्धन टुट्यो र सरकारमा जाने तयारीमा रहेकाहरु विस्मयमा परे ।

अहिले फेरि सरकारमा जाने अवसर पाएका कांग्रेस कांग्रेस सांसदहरु धेरै ढिलो गर्ने पक्षमा देखिएका छैनन् । तर सभापति देउवाले राष्ट्रपति निर्वाचनअघि कोको मन्त्री बन्ने भन्ने बहस नहोस् भन्ने चाहेकाले २५ फागुन अघि सांकेतिक रुपमा १/२ जना मन्त्री सरकारमा जाने सम्भावना रहेको एक नेता बताउँछन् । सरकारमा पार्टीको नेतृत्व उपसभापति पूर्णबहादुर खड्काले गर्ने पक्का जस्तै छ । किनकी प्रचण्डसँग फेरि सहकार्यका लागि निरन्तर सम्वादमा रहेका उनलाई सभापतिको साथ छ । एक नेता भन्छन्, 'अरु ककसलाई पठाउने भन्ने चाहिँ राष्ट्रपति निर्वाचन पनि नै होला ।'

# कहिलेसम्म गिजोलिन्छ...

राजनीतिको मैदानमा हुने विधिसम्मत खेललाई खेलाडीकै जिम्मामा छोडेर आममान्छे आआफ्नो कर्ममा व्यस्त बने राजनीति यति गिजोलिन पुग्दैन । बाहिर बसेर पनि सबैलाई राजनीति गर्नु छ । शिक्षक, प्राध्यापकलाई पढाउन छोडेर राजनीति हेर्नु र गर्नु छ । डाक्टर विरामी जाँच्न छोडेर, किसान हलो छाडेर, न्यायाधीश न्याय दिन छाडेर, वकिल वकालत छाडेर, विद्यार्थी पढ्न छोडेर राजनीति हेर्ने र गर्न व्यस्त बनेपछि राजनीतिका वैधानिक खेलाडी भन्दा बाहिर पुग्छ राजनीति ।

हामी सबैलाई राजनीति मैदान चाहिएको छ । राजनीतिमा आकर्षण देखिएको छ । राजनीतिमा पाँच वर्षको लागि चुनिएर जानेहरू भगवान् जस्ता लागेका छन् । त्यसैले पनि राजनीति बिझाएको छ । आफू हुन नपाएकोमा पोलेको छ, दु:खेको छ । राजनीतिमा कलाकार जानु परेको छ, समाजसेवी जोडिनु परेको छ, खेलाडी घुस्रिन परेको छ । सेवा निवृत्त कर्मचारी जागिर छाडेको भोलिपल्ट राजनीति ज्वाइन् गर्छ । पत्रकार दल खोलेर हाम फाल्छ । साहित्यकार लेख्न छाडेर राजनीतिमा मरिहत्ते गर्छ । समाजका यावत पेशाका यावत मान्छेलाई आफ्नो पृथक परिचय र प्रतिष्ठा भन्दा राजनीतिमा बढी रहर छ ।

सत्तामा जाने म्यान्डेट नभए पनि सबैलाई चुनाव जितेको भोलिपल्ट मन्त्री, उपप्रधानमन्त्रीको लस्कर र प्रधानमन्त्री चाहिएको छ । हामी सबैले अराजनीति गरेको कारण राजनीति मैलिएको हो । राजनीति भनेको जो जुन पेशा र व्यवसायमा छौं, त्यही आफ्नो भूमिका र जिम्वेवारी गजबले निभाउन सके शुद्ध राजनीति त्यही हुन्छ । परिणाममुखी राजनीति आफ्नो क्षेत्रमा निर्वाह गर्ने भूमिका हो ।

राजनीतिको परिधि बाहिर बसेकालाई पनि जतिसुकै बेला राजनीति चाहिएकोले राजनीति धमिलो र हिलोमैलो भएको हो । व्यवस्था नै त्यस्तो रोजेपछि राजनीतिमा हुने सत्ताको कित्ता परिवर्तन र सत्ता साझेदारीको हेराफेरीलाई सामान्य रूपमा नै बोध गर्नुपर्छ ।

वैदेशिक हस्तक्षेपबाहेक देश भित्रका पार्टी तथा नेताको विवेक र निर्णयलाई अस्वीकार गर्न मिल्दैन । हामीले हाम्रो क्षमता र व्यवस्था अनुसारका नेता पाएका छौ । आम जनताको खास चासो सत्ता फेरिंदा जनताले पाउने सेवा र सुविधाको प्राथमिकता फेरिनु भएन ।

बस्, शासन गर्न पुगेका पार्टीहरू जसले शासन गरे पनि देश र जनतालाई केन्द्रविन्दुमा राख्न सकून् । कि चुनाव प्रणाली फेरौ कि चुनावमा जहिल्यै कुनै पनि पार्टीलाई बहुमत प्रदान गरौ । कि व्यवस्था अनुसारको अवस्था हो भनेर सत्ता परिवर्तनलाई सहज रूपमा स्वीकार गरौ । सत्ता र शक्तिको राजनीतिक फेर बदलालाई अतिरञ्जना नगरौ ।

वैदेशिक र अवाञ्छित हस्तक्षेपबाहेक नेपालका दल र तिनको निर्णय अराजनीति र असंवैधानिक हुन सक्दैन ।

(साभार: रातोपाटी)

# छविविरुद्धको मुद्दा शिल्पाले जितिन्, सम्पत्ति र ऋण आधा

काठमाडौं/अभिनेत्री शिल्पा पोखरेलले निर्माता छविराज ओझाविरुद्धको मुद्धा जितेकी छन् । आइतबार काठमाडौं जिल्ला अदालतले छविले आफ्नो भागको सम्पत्ति शिल्पालाई आधा दिनुपर्ने फैसला सुनाएको छ । अदालतले वैवाहिक सम्बन्धमा रहँदासम्म छविलाई लागेको ऋणको आधा हिस्सा शिल्पाले बेहोर्नुपर्ने पनि फैसला गरेको छ । यसका साथै अदालतले दुवैको डिभोर्स मुद्धा पनि टुंग्याएको छ ।

छविले अदालतमा आफ्नो ऋण २० करोडमाथि देखाएको जानकारीमा छ । उनको आधा सम्पत्तिमध्ये ऋणको आधा रकम कटाएर शिल्पाले पाउनेछिन् । शिल्पाले २०७६ सालमा ओझाविरुद्ध सम्बन्ध विच्छेद र माना चामलको मुद्दा हालेकी थिइन् । उनले सोमबार फेसबुकमा छवि ओझाविरुद्धको मुद्धामा आफ्नो जीत भएको र अदालतबाट न्याय पाएको महसूस भएको उल्लेख गरेकी छन् ।

अदालतले शिल्पा र छविबीचको मुद्दा टुंग्याएसँगै एउटा रहस्य खुलेको छ । छविको दोस्रो श्रीमती गिताञ्जली सुनुवारबाट एक छोरा छन् । गिताञ्जलीको निधनपछि छविले धर्मपुत्रका रूपमा पाल्न छोरालाई जेठीसासुको जिम्मा लगाएका रहेछन् । शिल्पा पोखरेलले मुद्धा हालेपछि उनले छोराका नाममा एक भाग सम्पत्ति राख्न जेठीसासुलाई धर्मपुत्र फिर्ता गर्नका लागि मुद्दा हाल्न लगाएका थिए ।

तर, अदालतले धर्मपुत्रलाई अंश छुट्याउन नमिल्ने फैसला गरेको छ । अदालतले धर्मपुत्र छविले फिर्ता पाउने आदेश सुनाएको भए सम्पत्ति तीन भाग लाग्थ्यो र दुई भाग छविलाई पर्थ्यो । छविको जायजेथा र ऋणको सबै लेखाजोखा भैसकेको छ । २०७६ सालमा शिल्पाले छविविरुद्ध प्रहरी कार्यालयमा घरेलू हिंसाको मुद्दा हालेकी थिइन् । त्यसबेलादेखि दुवै अलग-अलग बस्दै आएका थिए ।

त्यस्तै, छविकी जेठी श्रीमती हेमा ओझाले छवि र शिल्पाविरुद्ध हालेको बहुविवाहको मुद्दा पनि काठमाडौं जिल्ला अदालतले खारेज गरेको छ । हेमासँग पहिल्यै सम्बन्धविच्छेद र सम्पत्ति बाँडफाँड भैसकेको भन्दै अदालतले शिल्पा र छविको विवाहलाई बहुविवाह ठहर गरेन । जिल्ला अदालतमा शिल्पासँग मुद्दा हारेपछि ओझा उच्च अदालतमा निवेदन दिने तयारीमा रहेको जानकारी प्राप्त छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# 'हेटौंडा कपडा उद्योग चलाउने गफ भयो, कार्यान्वयन भएन'

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले हेटौंडा कपडा उद्योग पुन: सञ्चालनको विषयमा केन्द्रीय सरकारका मन्त्रीहरुले 'गफ'को विषय मात्र बनाएको आरोप लगाएका छन् ।

उद्योग वाणिज्य संघ मकवानपुरले हेटौंडामा गरेको 'इम्प्लोयर्स मिट' कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले नेपालकै गौरवको रुपमा रहेको हेटौंडा कपडा उद्योग पुन: सञ्चालनको विषयमा केन्द्रीय सरकारका मन्त्रीहरुले हेटौंडामा आएर प्राथमिकता सहित बोल्ने तर कार्यन्वयनको पक्षमा भने कुनै पहल नगरेको बताए । विश्वव्यापी फैलिएको कोरना, विभिन्न चरणमा भएका युद्धहरुले नेपालको अर्थतन्त्रमा समस्या आएको बताउँदै मन्त्री श्रेष्ठले अर्थतन्त्रमा आएको समस्याले उद्योगहरुमा ठुलो समस्या ल्याएको बताए ।

नेपालमा हुने गरेको अस्थिर राजनीतिक घटनाक्रमले पनि अर्थतन्त्रमा समस्या ल्याएको मन्त्री श्रेष्ठको भनाई छ । जनताहरुले स्थिर राजनीति र सरकार चाहेको भएपनि त्यो हुन नसक्दा समस्या भएको बताए । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले एक वर्षभित्र १० हजार नागरिकलाई तालिम दिएर दक्ष जनशक्ति बनाउने अभियानमा आफु रहेको भन्दै दक्ष जनशक्ति भएको अवस्थामा आफुहरु अन्य मूलुकका दक्ष कामदारसँग भर पर्न नपर्ने बताए । श्रेष्ठले देशको राजनीतिमा देखिएको अस्थिरताले अर्थतन्त्रमा पनि समस्या आएको बताए ।




स्थिर राजनीतिक अवस्थाको सृजना नहुँदा लगानीकर्ताहरुमा पनि अन्योलता बढेको र अर्थतन्त्रमा समेत नकारत्मक असर परेको उल्लेख गरेका छन् । नेपालमा अझै उद्योगहरुको लागि दक्ष जनशक्ति कम रहेको उनको भनाई छ । उद्योग प्रतिष्ठानहरुको आवश्यकता अनुसारको दक्ष जनशक्ति उत्पादन एवम् आपूर्ती गरी रोजगारी सृजना गर्ने प्रमुख उद्देश्यले अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) को सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघद्वारा कार्यस्थलमा आधारित सिप विकास तालिमहरु संचालन गरिरहेको र सोही सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघ तथा मकवानपुर उद्योग वाणिज्य संघको सहकार्यमा एक दिवसीय ईम्प्लोयर्स मिट (रोजगारदाता भेला) कार्यक्रम हेटौंडामा भएको थियो ।

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा रोजगारदाता परिषद्का सभापति उज्वल चौलागाईको सभापतित्व तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा श्रम तथा यातायात कार्यालय हेटौंडाका कारखाना निरीक्षक चन्द्र नारायण श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका विज्ञ खेमराज काफ्ले, मकवानपुर उद्योग वाणिज्य संघका महासचिव दिपक उप्रेती, मकवानपुर उद्योग वाणिज्य संघका पूर्व उपाध्यक्ष तथा एम एम पोलिमर्सका महाप्रवन्धक विजय कुमार वैद्य, नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक तथा परियोजना संयोजक अजित गुप्ता, उद्योगपति बासु कार्कीलगायत विभिन्न उद्योग प्रतिष्ठानका प्रवन्धकहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक तथा परियोजना संयोजक अजित गुप्ताले आफ्नो प्रस्तुतिकरण दिएका थिए ।

कार्यस्थलमा आधारित तालिम सम्बन्धी प्रस्तुतिकरण नेपाल उद्योग वाणिज्य महासंघका विज्ञ खेमराज काफ्लेले दिए । कार्यक्रमका सहभागीहरुबाट प्रश्नावली अनुसार सूचना संकलन तथा समूहगत कार्य तथा प्रस्तुतिकरण गरिएको थियो ।

# कान्तिलोकपथ सडक बन्द गरिंदै

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ हेटौंडा-काठमाडौं जोड्ने वैकल्पिक मार्ग कान्तिलोकपथ फागुन १८ देखि पूर्ण रुपले बन्द गर्ने निर्णय भएको छ ।

मकवानपुर प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको अध्यक्षतामा सोमबार बसेको बैठकले फागुन १८ गतेदेखि चैत १० गतेसम्म मर्मत सम्भारको लागि कान्तिलोकपथ दुईतर्फी आवागमन बन्द गर्ने निर्णय गरेको हो । यसअघि बागमती प्रदेश सरकारले हेटौंडा-काठमाडौं जोड्ने कुलेखानी हुँदै जाने छोटोमार्ग मर्मतका लागि बन्द गरेपछि सवारीसाधनहरु कान्तिलोकपबाट गुड्न थालेका थिए । बैठकले कान्तिलोकप बन्द रहने अवधिका लागि यातायात संचालन गर्ने बैकल्पिक मार्ग समेत तय गरेको छ ।

हेटौडा-काठमाडौं चल्ने साना सवारीसाधन अब काठमाडौं जाँदा हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली रुट हुँदै एकतर्फी यातायात सेवा सञ्चालन गर्ने र काठमाडौंबाट हेटौंडा आउँदा थानकोट-चित्लाङ-मार्खु (कुलेखानी)-भीमफेदी रुट हुँदै एकतर्फी सेवा सञ्चालन गर्ने निर्णय गरेको छ । राज्यको पर्याप्त ध्यान पुग्न नसक्दा कान्तिलोकपथ मार्ग निर्माण सुरु भएको दुई दशकमा पनि अझै सम्पन्न हुन भने सकेको छैन । हाल निर्माणकै चरणमा रहेको छ । मकवानपुरतर्फ ८० प्रतिशत प्रगति रहेको र बाँकी काम चैतसम्ममा सम्पन्न हुने कान्ति राजमार्ग योजनाले जनाएको छ । काठमाडौं उपत्यकालाई मकवानपुरसँग जोड्ने छोटो मार्गका रुपमा रहेको सो सडकमा अझै



कतिपय खण्ड निर्माणका लागि ठेक्कामा जान बाँकी छ ।

सहज भूवनोट भएका ठाउँमा सडक कालोपत्र अझै पनि बाँकी रहेको कान्ति राजमार्ग योजनाले जनाएको छ । मकवानपुर तिर साढे तीन किमी बाँकी र ललितपुरतर्फ झण्डै १० किमी सडक कालोपत्र हुन बाँकी रहेको योजनाका प्रमुख सुरेश न्यौपानेले बताए । उनले ललितपुरतर्फ १० किमी सडकमध्ये सात किमी चालू आर्थिक वर्षमा पूरा हुने बताए । ललितपुरतर्फ तीन किमी कडा चट्टान छ भने आठ सय मिटरमा ठाउँठाउँमा पहिरो छ । चालू आवमा ललितपुरतर्फको सात किमी सडक सम्पन्न भएमा झण्डै साढे छ किमी सडक निर्माण बाँकी हुने योजनाले जनाएको छ ।

ललितपुरमा तीन किमी र मकवानपुरमा साढे तीन किमी बाँकी छ । यो खण्डमा बहुवर्षीय ठेक्कामा जान स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग हुँदै अर्थ मन्त्रालयसँग ६६ करोड माग गरिएको थियो । बजेट स्वीकृति भएपछि काम भएको बाँकी खण्डमा काम अगाडि बढ्ने यसअघि आयोजनाले जनाएको थियो । सरकारले वि.सं. २०६९ मा योजना स्थापना गरेर आव २०७१/७२ देखि बहुवर्षीय ठेक्का लागू गरी काम सुरु गरेको थियो । सरकारले योजनालाई हाल पहिलो प्राथमिकताको योजना (पि वान) मा राखेको छ । विगतका वर्षमा वर्षाको समय पहिरोका कारण अवरुद्ध भइरहने खण्डमा विभागले अहिले अध्ययन गरिरहेको हो ।

पहिले राजमार्ग हेटौंडाबाट टिकाभैरब, चापागाउँ हुँदै सातदोबाटोसम्म हुने गरी रेखांकन भएको थियो । चापागाउँ-सातदोबाटो सडक विस्तार हुन नसकेपछि यसको रेखांकन परिवर्तन गरेर टिकाभैर बबाट भैंसेपाटी हुँदै नख्खु पुग्ने भएको छ । टिकाभैरबबाट हेटौंडाको बुद्धचोकसम्म ७९ किमी सडक योजनाले निर्माण गरिरहेको छ । काठमाडौं उपत्यकाभित्र पर्ने टिका भैरबबाट नख्खु चोकसम्म सडक काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले विस्तार गरिरहेको छ । झण्डै ९० किमी लम्बाईको राजमार्ग सबैतिर दुई लेनको हुनेछ । अहिले एक लेन रहेको पुलसमेत विस्तार गरिने योजनाको तयारी अघि बढाएको छ ।

# अभिभावकलाई विद्यार्थीको परीक्षा तयारी तालिका

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ एसइई तयारीमा रहेका विद्यार्थीहरुलाई पढ्ने तालिकासहित विद्यार्थी र अभिभावकले परीक्षा अघिसम्म नियमित गर्नुपर्ने कामबारे हेटौंडा-१३, स्थित महेन्द्र माध्यमिक विद्यालयले अभिभावकलाई जानकारी गराएको छ ।

महेन्द्र माविले विद्यार्थीहरुको परीक्षा तयारी बारे अभिभावकलाई पनि जानकारी गराउँदै उत्कृष्ट नतिजा ल्याउने अभियानमा लागेको छ । कक्षा १० मा अध्ययनरत विद्यार्थीका अभिभावकहरुसँगको अन्तरक्रियाका क्रममा विद्यार्थीले घरमा नियमित रुपमा कुन-कुन विषय कति समय अध्ययन गर्ने तथा त्यसका लागि अभिभावकले कस्तो प्रबन्ध मिलाइदिनुपर्ने भन्ने विषयहरु निर्धारण गरी अभिभावकलाई जानकारी गराइएको विद्यालयले जानकारी दिएको छ । एसईई अध्ययन तालिका फागुन १४ गतेदेखि चैत १४ गतेसम्म एक महिनाका लागि अभिभावकलाई प्रदान गरेको प्रधानाध्यापक विष्णु श्रेष्ठले जानकारी दिए ।

बेलुका सुत्ने समयदेखि दिउँसो आराम गर्ने कोचिङमा आउने र जाने समय तथा अध्ययन गर्ने समय निर्धारण गरी एक महिनाका लागि रुटिन बनाइ अभिभावकलाई विद्यालयले प्रदान गरेको हो । तालिकाअनुसार विद्यालय आउने समय बिहान साढे ५ बजेदेखि सवा ६ बजेसम्म (४५ मिनेट), विद्यालयमा पढ्ने समय बिहान ६ बजेर २० मिनेटदेखि ४ बजेसम्म तोकिएको छ । विद्यालयबाट घर जाने समय दिउँसो ४ बजेदेखि ४:४५ बजेसम्म तथा विद्यालयमा कोचिङ पढ्ने विषयहरु र समयावधि निर्धारण गरिएको हो । यसैगरी अभिभावकले पुरा गरिदिनुपर्ने कामहरुमा अध्ययन गर्न घरमा शैक्षिक वातावरण बनाई दिनुपर्नेलगायतका निर्धारण गरिएको छ ।

# बकैया र बागमती गाउँपालिकामा आज सार्वजनिक विदा

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ जिल्लाको दुई वटा गाउँपालिकाले आज मंगलबार माझी जातीहरुको पर्व लदिको अबसरमा सार्वजनिक विदा दिएको छ ।

पूर्वी क्षेत्रका बकैया र बागमती गाउँपालिकामा आज सार्वजनिक विदा रहेको छ । कोसी पूजा अर्थात लदि पूजा नेपालमा बसोबास गर्ने समस्त माझी जातिको प्रमुख चाड हो । कोसी पूजा भन्नाले खोला, नदी अथवा पानीलाई गरिने पूजालाई जनाउँछ । यो पर्व प्रत्येक वर्ष फाल्गुण महिनाको तेस्रो मंगलबार मनाउने गरिन्छ । बागमती गाउँपालिकाले भने सोमबार र मंगलबार दुई दिन विदा दिएको थियो ।

बकैया गाउँपालिकाले भने मंगलबार मात्रै विदा दिएको हो । बकैया गाउँपालिकाले सोमवार सुचना जारी गर्दै १६ फागुन मंगलबार सार्वजनिक विदा दिने निर्णय गरेको जानकारी दिएको छ । मकवानपुरको बकैया र बागमती गाउँपालिकामा माझी समुदायको बाक्लो बसोबास रहेको छ ।

# वडा कार्यालयद्वारा आश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ हेटौंडा उपमहानगरपालिकाको ४ नम्बर वडा कार्यालयले चौकिटोलस्थित ओम वृद्धाश्रमलाई एक लाख बराबरको सहयोग गरेको छ ।

आश्रममा कपडा धुने वासिङ मेसिन तथा प्रिन्टर हस्तान्तरण गरिएको छ । सोमबार एक कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देल, कार्यापालिका सदस्य ईश्वरी रसाईली, वडा सदस्य जनरल श्रेष्ठ, गीता त्रिपाठी, वडा कार्यालय सचिव टिका कँडेलसहितको उपस्थितिमा आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठसहितको आश्रम परिवारलाई हस्तान्तरण गरिएको थियो ।

हस्तान्तरणको क्रममा वडा अध्यक्ष नवीन सिग्देलले आश्रय लिईरहेका बेसाहारा आमाबुवाहरुको सहजताको लागि वडा कार्यालयको तर्फबाट उपकरण हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताए ।

उनले भौतिक विकाससँगै सामाजिक विकासमा ४ नम्बर वडा कार्यालयले ध्यान दिइरहेको बताउँदै सबैको सहयोग आवश्यक रहेको बताएका छन् । आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले वडा कार्यालयको तर्फबाट भएको सहयोगप्रति धन्यवाद ज्ञापन गरेका थिए ।

# मकवानपुरगढी दरबारको जीर्णोद्वार

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ मकवानपुरमा अवस्थित सामरिक महत्वको ऐतिहासिक मकवानपुरगढी दरबारको जीर्णोद्वार सुरु गरिएको छ ।

मकवानपुरगढी दरबार सामान्य मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएपछि पुरातत्व विभागले जीर्णोद्धार सुरु गरेको हो । मकवानपुरगढी दरबार परिसरमा रहेको श्रीकृष्णको मन्दिरको पश्चिमतर्फ र पूर्वतर्फ रहेको दरबारको भग्नावशेषको मर्मतसम्भार गरिने भएको छ । मकवानपुरगढी गाउँपालिका-२ का वडाध्यक्ष बखानसिंह पाखिनले मन्दिरको पश्चिमतर्फ रहेको भवनको जीर्णोद्वार सहित छानासमेत हाल्ने योजना रहेको जानकारी दिए । चालू आर्थिक वर्षको रकमबाट भवनको मर्मत तथा संरक्षण गरिने उनले बताए । आगामी आर्थिक वर्षमा बजेट व्यवस्था गरी छानासमेत हाल्ने योजना बनाइएको उनको भनाई छ ।

पुरानै शैलीमा मर्मत तथा संरक्षणको काम हुनेछ । एक करोड १८ लाख ४३ हजार ९ सय २३ रुपैयाँको लागतमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको छ । मन्दिरको पूर्वतर्फ रहेको गढी दरबारको भग्नावशेषको यथास्थितिमा नै जीर्णोद्धारसहित मर्मत तथा संरक्षण गरिने भएको हो । उनले मन्दिरको पूर्वतर्फ रहेको गढी दरबारमा छाना लगाउने काम नहुने बताउँदै गढी दरबार प्रवेश गर्ने द्वारअगाडि रहेको काठको पुल चालू आवको बजेटबाट चौडा गरिने बताए । दर बार प्रवेशद्वारभन्दा काठको पुल सानो रहेकोले प्रवेशद्वार बराबर नै पुल चौडा बनाइने भएको हो ।

# मगर संघ मकवानपुरको ४१ औं स्थापना दिवस




साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ नेपाल मगर संघ जिल्ला समन्वय समिति मकवानपुरले संघको ४१ औं स्थापना दिवसको अबसरमा शुभकामना आदानप्रदान तथा बृहत् साँस्कृतिक कार्यक्रम गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१२, स्थित प्रथम सहिद लखन थापा मगर स्मृति बाटिकामा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यता र संघका अध्यक्ष सन्देश तुम्सिङ मगरको सभाध्यक्षतामा कार्यक्रम भएको हो । मेयर लामाले मकवानपुरमा मगरहरुको एकता राम्रो रहेको र अझ मगरहरुमा एकता बलियो हुनपर्ने कुरामा जोड दिइन् । उनले मगर समुदायको भाषा, भेषभूषा, संस्कृति संरक्षण र सम्वर्द्धनको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाएकी छन् । मगर संघ मकवानपुरको आफ्नो भवन नरहेको र आगामी बजेटमा मगर संघको भवनको लागि पनि बजेट बिनियोजन गर्ने मेयर लामाले बताइन् ।

संघका केन्द्रीय अनुशासन विभाग प्रमुख अशोक शारु मगरले सम्पुर्ण मगरहरु एकजुट हुनुपर्ने र एकजुट भए मात्रै मगरात प्राप्ति हुने बताए । कार्यक्रममा राष्ट्रिय कलाकार र स्थानीय कलाकारहरुको मगर संस्कृति झल्किने गायन र नृत्यसहितको बेजोड प्रस्तुति रहेको थियो ।

कार्यक्रममा संघका केन्द्रीय सदस्य अमृता थापा मगर, बागमती प्रदेश सदस्य तथा मकवानपुर ईन्चार्ज रामकुमार बोगटी मगर, संघका पूर्वअध्यक्षहरु, भातृ संस्थाको अध्यक्षहरु, संघको हेउमपना समितिको अध्यक्ष भरत ठाडा मगर, गुठिका अध्यक्षहरु लगायतको आतिथ्य रहेको थियो ।

मगर समुदायले २०१२ सालमा स्थापना भएको तत्कालीन अवस्थामा मगर समाज सुधार समितिको नामबाट देशभरका मगर जातिलाई एक ठाउँमा उभ्याउने प्रयास भएयता विभिन्न चरणमा संस्थाको नाम परिमार्जन हुँदै हाल नेपाल मगर संघ हुन आएको ऐतिहासिक दिन भएकोले २०३९ सालदेखि हरेक वर्ष फागुन १५ गते स्थापना दिवस मनाउन थालिएको छ ।

# महिलालाई प्राङ्गारिक मल तथा वनस्पति विषादीको तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ हेटौंडा उपमहानगरपालिकाको हटियामा प्राङ्गारिक मल तथा बनस्पतिक विषादी प्रदर्शनी कार्यक्रम भएको छ ।

कारितास नेपालको आर्थिक सहयोगमा सृजनशील नेपालद्धारा हेटौंडा १६, १७ र १८ मा सामाजिक कल्याण तथा दिगो कृषिको लागि महिला सशक्तिकरण परियोजनाअन्तर्गत तालिम गरिएको थियो । सृजनशील नेपाल तथा त्रिशक्ति कृषि सहकारी संस्था लिमिटेडको आयोजनामा भएको एक दिवशीय तालिममा स्थानीय महिलाहरुको सहभागिता थियो । स्थानीय स्तरमा पाइने स्रोत साधनको उच्चतम प्रयोग गदै प्राङ्गारिक मल तथा बनस्पतिक विषादी कसरी बनाउने भन्ने बारेमा प्रयोगात्मक तवरबाट प्राङ्गारिक मल तथा बनस्पतिक विषादी बनाइ प्रदर्शन गरिएको थियो ।

स्थानीय स्तरमा पाइने असुरो, बनमारा, रुदिलो, सिस्नुलगायत कलिलो घासँहरु संगै गोबर, पशुमुत्र, प्राङ्गारिक पदार्थ भएको माटो, पिना, चुन तथा भान्सामा सजिलोसंग उपलब्ध हुने सख्खर, लसुन, अदुवा, खुर्सानीलगायतको सामग्री प्रयोग गरी किटनाशक झोल मल तयार गरिएको थियो । विशेषगरी हाल



तीव्र रुपमा बढिरहेको रसायनिक मल तथा बिषादीको प्रयोगका कारण खेतिबालीमा कृषकको लागत बढिररहेको छ । मानव स्वास्थ्यमा अझ यसले प्रत्यक्ष रुपमा नकरात्मक असर गरेको छ भने अर्को तिर यसले कृषि पर्यावरणमा पनि उतिकै नकरात्मक असर पारेको छ ।

जसकारण स्थानीय स्तरमा उपलब्ध स्रोत साधनहरुको उच्चतम प्रयोग गर्दै कृषि पर्यावरणमा सुधार ल्याई किसानहरुको मल तथा विषादीमा पहुँच पुऱ्याउन साथै किसानहरुलाई कृषि पर्यावरणीय खेतीतर्फ आकर्षित गर्नका निम्ति यसरी प्राङ्गारिक मल तथा वनस्पतिक विषादी बनाउने प्रदर्शनी एंव अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको सृजनशील नेपालका अध्यक्ष शान्ता बरालले बताइन् । उनले स्थानीय निकायले समेत प्राङ्गारिक मल तथा वनस्पतिक विषादीको प्रयोगलाई प्रोत्साहन र उत्पादनमा जोड दिन पर्ने बताइन् ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## सूचना ! सूचना ! सूचना !

*सूचना प्रकाशित मिति: २०७९/११/१६ गते*

श्री बाराही माध्यमिक विद्यालय, भीमफेदी-४ निवुवाटारलाई भीमफेदी गाउँपालिकाको विनियोजित बजेट मार्फत् आर्थिक सहयोगमा टाटा मोर्टस्को ४०+१ सिटे स्कूल बस खरिद प्रक्रियाको लागि ७ दिने सूचना आह्वान गरिएको छ ।

**For C& F calculation new**

| | |
|---|---|
| PI value INR | 1,525,000.00 |
| NPR | 2,440,000.00 |
| Bank Remittance charges | 2,287.50 |
| | 2,440.00 |
| | 200.00 |
| NRS TOTAL | 2,444,927.50 |
| 7.5% custom | 183,369.56 |
| 7% Road Tax | 183980.7944 |
| vehicle price upto Sunauli | 2,812,277.86 |
| Add:C&F Charge | 175000 |
| Total Price upto school | 2,987,277.86 |

**श्री बाराही माध्यमिक विद्यालय**
भीमफेदी-४ निवुवाटार

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना